**घरपझोङ गाउँपालिका, मुस्ताङको**

**आर्थिक वर्ष २०७७/७८ को**

# वार्षिक नीति तथा कार्यक्रम

घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङ**

गण्डकी प्रदेश

नेपाल

मिति २०७७|०३|०८ गते घरपझोङ गाउँपालिकाको छैटौं गाउँसभामा गाउँपालिकाका अध्यक्ष श्री आसबहादुर थकालीज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७७|७८ को

**सभाबाट पारित मितिः २०७७|०३|०८**

# वार्षिक नीति तथा कार्यक्रम

# घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# मुस्ताङ

**वार्षिक नीति तथा कार्यक्रम**

आगामी आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत हुने घरपझोङ गाउँपालिकाको छैटौं गाउँ सभाको यस बैठकलाई अध्यक्षता गरिरहनुभएका सभा अध्यक्ष तथा गाउँपालिकाका उपाध्यक्षज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत लगायत कर्मचारीहरू मित्रहरू।

१. विश्वव्यापी कोरोना महामारीका कारण उत्पन्न असामान्य परिस्थितिमा यस गाउँपालिकाको छैटौं गाउँ सभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७|७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेकोछु । प्रथमतः यस गाउँ सभामा उपस्थित सबै गाउँ सभाका सदस्यज्यूहरूलाई हार्दिक स्वागत गर्न चाहन्छु ।

२. नेपाल लगायत विश्वका अन्य मुलुकहरूमा कोरोनाको कारणबाट ज्यान गुमाएका नेपाली तथा गैर नेपाली सबै मानव समुदायप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र सबै संक्रमित विरामीहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछु ।

३. सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था बमोजिम स्थापित यस घरपझोङ गाउँपालिकाको छैटौं गाउँ सभामा आर्थिक वर्ष २०७७/७८ का लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेकोछु । एवम् गाउँपालिकाको विकास निर्माणको कार्यमा सबै सदस्यज्यूहरूको अमूल्य सल्लाह तथा सुझावहरू अपेक्षित रहेको बेहोरा समेत अनुरोध गर्न चाहन्छु ।

४. यस अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि भएका ऐतिहासिक जनआन्दोलन, शसस्त्र संघर्ष एवं सामाजिक परिवर्तनका निम्ति विभिन्न

समयकालमा भएका सबैखाले वलिदानीपूर्ण संघर्षमा ज्यान गुमाउनु भएका ज्ञात अज्ञात सहीदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै वेपत्ता एवं पीडित नागरिकहरूमा गहिरो सहानुभूति व्यक्त गर्दछु ।

५. विश्वभर फैलिइरहेको कोरोना भाइरसको संक्रमण हुन नदिन र यदि भईहालेको खण्डमा समेत यस गाउँपालिकाका जनताहरूको उपचार, उद्धार तथा राहत समेतका कार्यहरूको लागि यस गाउँपालिकाले आगामी आर्थिक वर्षमा विशेष नीति लिनेछ । सो कार्यका लागि सबै प्रकारका साधन र श्रोतको कमी हुन नदिने प्रवन्ध गर्ने सम्बन्धमा सबै गाउँपालिकावासी जनताहरूलाई आश्वस्त तुल्याउन चाहन्छु ।

६. घरपझोङ गाउँपालिकाबासी जनताले गाउँपालिकालाई समृद्ध तथा विकसित बनाउने अभिभारा हामीलाई प्रदान गरेको विषयलाई आत्मसात गर्दै सो जिम्मेवारीप्रति गाउँ सरकार पूर्ण प्रतिवद्ध रहेको बेहोरा यस गरिमामय सभामा दोहो-याउन चाहन्छु ।

७. यस गाउँपालिका सबै घरपझोङबासीको चाहना र आकांक्षा बमोजिम विकास निर्माणका कार्यक्रमहरू अघि बढाउन दृढ संकल्पित रहेकोछ र सोही बमोजिम कार्यक्रम तथा योजनाहरू कार्यान्वयन गर्दै आइरहेको पनि छ । यो महान कार्यमा सबै स्थानीय जनता तथा गाउँसभाका सबै सदस्यहरूको साथ र सहयोगको अपेक्षा गरेकोछु ।

८. संवैधानिक व्यवस्था अनुसार गाउँसभा र स्थानीय सरकारको गठन भै संचालनमा आएको ३ वर्ष पूरा भएकोछ । यो शासकीय प्रणालीको सवलीकरणको माध्यमबाट संविधानको पूर्ण कार्यान्वयनमा हाम्रो गाउँपालिका पूर्ण प्रतिबद्ध रहेकोछ ।

९. नेपालको संविधानले अंगीकार गरेको तीन तहको सङ्घीय संरचनालाई कार्यमूलक बनाउने अभिभारा स्थानीय तह र स्थानीय सरकारको सामू समेत रहेकोछ । देशका सबै राजनीतिक दल, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, नागरिक समाज, पत्रकारजगत लगायत सबैलाई आ-आफ्नो क्षेत्रबाट नेपालको संविधान तथा अन्य सम्बन्धित ऐन कानूनहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्न अपिल गर्दछु ।

**अध्यक्ष महोदय,**

१०. हिमालपारीको जिल्ला मुस्ताङको मध्यभागमा अवस्थित यस गाउँपालिकाको तीव्र विकासको प्रचुर सम्भावना रहेकोछ । यस गाउँपालिकाको समग्र उन्नती र प्रगतिको लागि आगामी आर्थिक वर्ष ०७७/७८ का लागि देहाय बमोजिमका नीति तथा कार्यक्रमहरुको प्रस्ताव गरेकोछु ।

११. गत आर्थिक वर्षको नीति तथा कार्यक्रमहरू यस गाउँ सभामा पेश गर्दा विभिन्न कार्यक्रमहरूको प्रस्ताव गरिएको थियो । तर विश्वव्यापी कोरोना भाइरसको त्रासदीले गर्दा चालू आर्थिक वर्षको पछिल्ला केही महीनाहरू अपेक्षित रूपमा विकास निर्माणमा लगाउन सकिएन । जसको फलस्वरूप प्रस्तावित नीति तथा कार्यक्रमहरू समेत प्रभावित बन्न गए । त्यसै कारणले आगामी आर्थिक वर्षका लागि ती अधूरा नीति तथा कार्यक्रमहरू समेत दोहो-याएर प्रस्ताव गरेकोछु ।

## आर्थिक विकास

१२. यस गाउँपालिकाको आर्थिक उपार्जन गर्ने मुख्य क्षेत्र मध्येको एक कृषि क्षेत्र हो । यहाँको स्याउ, आलु तथा अन्य तरकारीहरू स्वदेश तथा विदेशमा समेत प्रख्यात छन् । **कृषि क्षेत्रको आधुनिकीकरण** गर्दै आगामी वर्ष कृषि क्षेत्रको प्रवलीकरण गर्न कार्यक्रमहरू तय गरिनेछ । खेतियोग्य जमिनमा तारबार लगाउने देखि पशुपालन व्यवसायको लागि कार्यक्रमहरू तय गरिनेछ ।

१३. विद्यमान कोरोना कहरको कारणबाट विश्व अर्थतन्त्र नराम्रोसँग प्रभावित भएकोछ । आयात निर्यात ठप्पजस्तै छ । रोजगारीहरू गुमेका छन् । विदेशी रोजगारीबाट प्राप्त हुने रेमिटयान्स नराम्रोसँग प्रभावित बनेकोछ । अव नेपालीहरूले हाम्रै कृषि क्षेत्रबाट देशको अर्थतन्त्र चलाउनुपर्ने वाध्यकारी अवस्था सिर्जना भएकोछ ।

१४. गाउँपालिका भित्र रहेका बाँझा जमिनको सदुपयोग गरी खेति लगाउनका लागि कृषकहरूलाई प्रोत्साहन गरिनेछ । कृषियोग्य जमीनहरुलाई बाँझो नरहने गरी आगामी आर्थिक वर्षबाट विशेष कार्यक्रमहरू लागू गर्ने नीति गाउँपालिकाले लिनेछ । गाउँपालिकाकै अग्रसरतामा **भूमि बैंक स्थापना** गरी कृषि उत्पादनलाई वृद्धि गरिनेछ ।

१५. कृषि क्षेत्रको प्रवर्धनको लागि **कृषि पाठशाला तथा अन्य विज्ञ परामर्श सेवा**का कार्यक्रमहरू ल्याइनेछ । स्याउ खेतिको प्रवर्धनका लागि ठूलो स्केलमा स्याउ खेति गर्ने व्यक्ति तथा समूहलाई अनुदान दिने नीति लिइनेछ । बहुमूल्य हिमाली जडिबुटीको खोज, संकलन तथा प्रशोधन सम्बन्धी प्रारम्भिक अनुसन्धान गर्ने कार्यक्रम अगाडि बढाइनेछ ।

१६. गाउँपालिका क्षेत्रमा उत्पादन हुने फलफूल तथा कृषि उपजहरूको सहज भण्डारण गरी तुलनात्मक रूपमा बजार मूल्य बढी हुने समयमा विक्री वितरण गर्नको लागि एक **चिस्यान केन्द्र** स्थापना गर्ने नीति गाउँपालिकाको रहिआएकोछ । यस सम्बन्धमा केही प्रारम्भिक कार्यहरू समेत भएकाछन् । कोरोनाको विद्यमान विश्वव्यापी संक्रमणले चालू आर्थिक वर्षमा जोमसोममा चिस्यान केन्द्र स्थापना सम्बन्धी कार्य हुन सकेन । आगामी आर्थिक वर्षमा सङ्घीय सरकारको समन्वयमा बैदेशिक सहायता तथा प्रदेश सरकार समेतको सहयोगमा चिस्यान केन्द्र स्थापनाको लागि गाउँपालिकाले परिणाममूखी पहल गर्नेछ ।

१७. **जौ, ऊवा, फापर तथा तिते फापर**जस्ता रैथाने बालीहरू यस क्षेत्रका पहिचान हुन् । यस्ता रैथाने बालीहरू आजभोलि संकटापन्न अवस्थामा पुगिसकेका छन् । आगामी आर्थिक वर्षमा त्यस्ता बालीहरूको पुनरागमन गराउन कृषकहरूलाई प्रोत्साहन गरी कार्यक्रमहरू अघि बढाइनेछ ।

१८. यस गाउँपालिकामा प्रचुर सम्भावना रहेको **ओखर खेति** गर्न कृषकहरूलाई प्रोत्साहित गरिनेछ ।

१९. यस गाउँपालिकाभित्र बालीनालीमा विषादीको प्रयोगलाई न्यूनीकरण गर्दै लगिनेछ । प्राङ्गारिक मल तथा परम्परागत घरायसी किटनाशक औषधीको प्रयोग गरी अन्नवालीहरुको उत्पादन गर्न जोड दिइनेछ ।

२०. परम्परागत कृषि प्रणालीलाई प्रतिस्थापन गर्न तथा उत्पादनलाई अभिवृद्धि गरी कृषकहरूको जीवनस्तर सुधार्नका लागि विभिन्न कार्यक्रमहरु लागू गरिनेछ । कृषि सामग्री खरीद तथा वीउ वीजन वितरणमा दिइँदै आएको अनुदानलाई निरन्तरता दिइनेछ ।

२१. लुलु गाई यस गाउँपालिकाको पहिचान हो । लुलु गाईलाई उपयुक्त तरिकाले पालनपोषण गर्दा सानो लगानीमा मनग्य दूध उत्पादन गर्न सकिन्छ । यस गाउँपालिका क्षेत्रमा पाइने **लुलु गाई संरक्षण**का लागि गाउँपालिकाले सबै किसानहरूलाई पैरवी समेत गरिरहेकोछ । आगामी आर्थिक वर्षहरूमा लुलु गाईपालन गर्ने किसानहरूलाई अनुदान दिने नीति लिइनेछ । पशुपालन तर्फका अन्य विभिन्न उपयोगी कार्यक्रमहरू लागू गरिनेछ ।

२२. यस गाउँपालिकामा गण्डकी प्रदेश सरकारको प्राविधिक सहयोग र नेपाल सरकारको **एक स्थानीय तह एक उद्योग ग्राम कार्यक्रम** अन्तर्गत उद्योग ग्राम स्थापना गर्ने सम्बन्धी

प्रारम्भिक कार्य शुरू भइसकेकोछ ।आगामी आर्थिक वर्षमा सो उद्योग ग्रामको सम्भाव्यता अध्ययन पूरा गरी भौतिक संरचनाहरू निर्माण कार्य प्रारम्भ गर्ने नीति लिइनेछ ।

२३. गाउँपालिका क्षेत्रभित्र रहेका सबै व्यवसाय र वाणिज्य क्षेत्रका व्यवसायहरूलाई गाउँपालिकामा दर्ता गरिनेछ । सबै व्यवसायीहरूको बैज्ञानिक अभिलेख राख्ने कार्य आगामी आर्थिक वर्षको शुरूवातमा नै पूरा गरिनेछ । व्यापार व्यवसायको शुद्धतामा जोड दिँदै बजार अनुगमन कार्यलाई प्रभावकारी तुल्याइनेछ । यसै कार्यलाई सहजता गर्नको लागि गाउँ कार्यपालिकाले **व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७** को मस्यौदा समेत तयार पारिसकेकोछ ।

२४. गाउँपालिका क्षेत्रभित्र रहेका सबैखाले व्यवसायीहरूलाई प्रोत्साहन गर्ने तथा सामानहरूको वैज्ञानिक मूल्य प्रणाली कायम गर्न सबै पसलहरूमा अनिवार्य मूल्यसूची राख्न लगाईनेछ ।स्थानीय उद्योग वाणिज्य संघसँगको सहकार्यमा व्यवसायीहरूको एकीकृत अभिलेख गाउँपालिकाको कार्यालयमा राखिनेछ । सो कार्यका लागि कम्प्यूटर अभिलेखन प्रणाली अवलम्वन गरिनेछ ।

२५. नेपाल सरकारबाट **सुकुम्बासी तथा अव्यवस्थित बसोबास सम्बन्धी समस्या**हरूलाई समाधान गर्न एक छुट्टै आयोग गठन गरी कार्यप्रारम्भ समेत भईसकेको छ । यस गाउँपालिका अन्तर्गत रहेका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबास सम्बन्धी विद्यमान समस्या समाधानको लागि उक्त आयोगसँग समन्वय गरिनेछ । व्यक्तिहरूका छुट जग्गा दर्ता सम्बन्धी समस्याको समाधान गर्न गाउँपालिकाले कानून बमोजिम पहल गर्नेछ ।

**अध्यक्ष महोदय**

२६. घरपझोङ गाउँपालिकाको विकासको मुख्य आधार मध्येको एक पूर्वाधार **पर्यटन व्यवसाय** नै हो । विद्यमान कोभिड १९ को संक्रमणको जोखिमले पर्यटन व्यवसाय धरासाही बनेकोछ । यस विषयमा गाउँपालिका चिन्तित रहेकोछ । कोभिड १९ को जोखिम न्यून भई जनजीवन सामान्य बनेपछि गाउँपालिकाको पर्यटन व्यवसायलाई उकास्नको लागि गाउँपालिकाले योजनाहरू ल्याउनेछ । गाउँपालिकाका सबै होटलहरू तथा होमस्टेहरूको **सञ्जालिकृत वेभसाइट** आगामी आर्थिक वर्षबाट शुरू गरिनेछ ।

२७. यस गाउँपालिका क्षेत्रभित्र रहेका महत्त्वपूर्ण **प्राचीन धरोहरहरू तथा धार्मिक र साँस्कृतिक महत्त्वका क्षेत्रहरू**को पहिचान गरी प्रदेश सरकारको पुरातात्विक महत्त्वको प्रोफाइलमा सूचिकृत गर्ने कार्य गाउँपालिकाले शुरू गरिसकेकोछ । सो कार्य आगामी आर्थिक वर्षमा पूरा गरिनेछ । जसले गर्दा यस गाउँपालिकाका पुरातात्विक महत्त्वका धरोहरहरूको प्रचार प्रसार हुनेछ ।

२८. नेपाल पर्यटन बोर्डको समेत संलग्नतामा होटल व्यवसायको वैज्ञानिकीकरण तथा प्रवर्द्धनको लागि कार्यक्रमहरू तय गरिनेछ । कोरोना संक्रमण नियन्त्रणमा आएपश्चात त्यस्ता कार्यक्रमहरूलाई प्राथमिकताका साथ लागू गरिनेछ ।

२९. आगामी आर्थिक वर्षमा **जोमसोममा पर्यटन सूचना केन्द्र** स्थापनाको लागि कार्यहरू अघि बढाइनेछ । यस कार्यमा नेपाल पर्यटन बोर्ड तथा अन्य संघ संस्थाको सहयोग लिइनेछ ।

३०. यस गाउँपालिकामा **होमस्टे सञ्चालन**मा जोड दिइनेछ । होमस्टे स्थापना तथा प्रवर्धनका लागि सहयोग मिल्नेगरी सम्बन्धित व्यवसायीहरूलाई तालीम तथा अध्ययनको व्यवस्था मिलाइनेछ । होमस्टेमा स्थानीय परिकार तथा रहनसहन र संस्कृतिको प्रस्तुति गर्न व्यवसायीहरूलाई प्रेरित गरिनेछ । स्थानीय थकाली परिकारहरूको प्रचार प्रसार गरिनेछ । होमस्टेहरूमा स्थानीय साँस्कृतिक कार्यक्रमबाट पाहुनाहरूको स्वागत गर्ने व्यवस्था मिलाउन सञ्चालकहरूलाई प्रशिक्षित गर्ने नीति लिइनेछ ।

३१. **मिनी मुस्ताङ परियोजना** यस गाउँपालिका र देशकै लागि नौलो र महत्त्वपूर्ण परियोजना हो । यो परियोजना गाउँपालिकाले **गौरवको आयोजना**मा सुचीकृत गरिसकेकोछ । यस परियोजनाको निर्माणका लागि प्रारम्भिक भौतिक निर्माणको कार्य शुरू भइसकेकोछ । यो परियोजनाको निर्माणको लागि गाउँपालिकाले उल्लेख्य कार्यक्रमहरू ल्याउनेछ । आगामी आर्थिक वर्षमा पनि प्रदेश सरकार र सङ्घीय सरकारबाट यस परियोजनामा बजेट व्यवस्थापनका लागि एकीकृत पहल गरिनेछ ।

३२. ढुम्वा ताल, मार्फा गाउँ, याकखर्क, छैरो गाउँ, चिमाङ गाउँ, ठिनी गाउँ तथा स्याङ गाउँहरूको प्राकृतिक सौन्दर्यताको प्रचार प्रसार गर्ने विभिन्न कार्यहरूले आगामी आर्थिक वर्षमा पनि निरन्तरता पाउनेछन् । समग्र घरपझोङ गाउँपालिकाको तथ्याङ्क सहितको **घरपझोङ फ्याक्ट्स (Gharapjhong Facts)** पुस्तक आगामी आर्थिक वर्षमा तयार गरी सार्वजनिक गरिनेछ ।

३३. यस गाउँपालिका अन्तर्गत रहेको **जोमसोम भ्यूटावरसम्म जाने पैदल बाटो**को निर्माण कार्य प्रारम्भ भैसकेको छ । यो परियोजनालाई आगामी आर्थिक वर्षको अन्त्यसम्ममा पूरा गर्नेगरी योजना निर्माण गरिएकोछ । यस्ता पर्यटकीय स्थलहरूको निर्माणले पर्यटकको जोमसोम बसाईलाई लम्ब्याउन सहयोग पुग्नेछ र अन्ततोगत्वा गाउँपालिकाको आर्थिक विकासमा सहयोग पुग्नेछ ।

३४. यस गाउँपालिका कार्यक्षेत्र रहेका सहकारीहरूको दर्ता तथा नवीकरण कार्यहरू यसै गाउँपालिकाद्वारा व्यवस्थित गरिनेछ । सबै सहकारी संस्थाहरूको विवरणलाई अनलाईन प्रविधिमा व्यवस्थित गरिनेछ । सहकारीका सदस्यहरू तथा व्यवस्थापकहरूको क्षमता अभिवृद्धिका लागि तालीम तथा प्रशिक्षणका कार्यक्रमहरू सञ्चालन हुनेछन ।

३५. सरकारी क्षेत्र, निजी तथा सहकारी क्षेत्रको समन्वयात्मक सहकार्यबाट केही नमूना विकासात्मक कार्यहरूको प्रारम्भ गर्ने नीति लिइनेछ ।

३६. यस गाउँपालिका क्षेत्रमा रहेका वित्तीय निकायहरूको सुरक्षाको प्रवर्धन हुने व्यवस्था मिलाइनेछ । यस कार्यालयबाट गरिने सबै भुक्तानीहरूलाई बैंकमार्फत् गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ । वित्तीय क्षेत्रहरूको सहयोग तथा सहकार्यमा गाउँपालिका तथा ती निकायहरूका लागि लाभका क्षेत्रहरूको पहिचान गर्नेगरी कार्यक्रमहरू कार्यान्वयन गर्न अध्ययन प्रारम्भ गरिनेछ ।

३७. योजनावद्ध विकास प्रयासले मात्र लक्षीत उद्देश्यहरू हासील गर्न सकिन्छ । उपलब्ध श्रोत साधनको अधिकतम् उपयोग गर्न सकिन्छ । यस गाउँपालिकाको समग्र क्षेत्रहरूको समानुपातिक तथा समन्यायिक विकास प्रयासलाई अवलम्बन गर्नको लागि आगामी आर्थिक वर्षमा गाउँपालिकाको **आवधिक योजना निर्माण** हुनेछ। तत्पश्चात सबै विकास निर्माण तथा कार्यक्रमहरू सोही योजनाबाट निर्देशित हुनेछन् । यस कार्यमा गण्डकी प्रदेश सरकारको आर्थिक तथा प्राविधिक सहयोग समेत लिइनेछ ।

३८. यस गाउँपालिका प्राकृतिक सौन्दर्यताको खानी हो । खेलकूदका कार्यक्रमहरुको आयोजनाबाट समेत पर्यटन प्रवर्द्धन गर्न सकिने प्रशस्त सम्भावना वोकेको गाउँपालिका पनि हो । आगामी आर्थिक वर्षबाट विभिन्न **साहसिक तथा अन्य खेलकूद** सञ्चालनका पूर्वाधारहरू निर्माण गर्नेतर्फ आवश्यक प्रकृया अघि बढाउने नीति लिइनेछ ।

३९. यस गाउँपालिका क्षेत्रमा साहसिक खेलहरू जस्तैः स्किङ (Skiing), रकक्लाइम्विङ (Rock Climbing), माउण्टेनिङ (Maintaining), साइक्लिङ (Cycling), जंगल सफारी

(Jungle Safari) र बर्ड वाचिङ (Bird Watching) जस्ता खेलहरुका लागि पूर्वाधार निर्माण गर्नेतर्फ गाउँपालिकाले सम्भाव्यता अध्ययन गरी कार्यक्रम लागू गर्ने नीति लिनेछ ।

४०. **कालीगण्डकी नदीमा र्याफ्टिङ** (Rafting) खेलको चालू आर्थिक वर्षमा नै सफल परीक्षण भइसकेकोमा इच्छुक निजी क्षेत्र समेतको लगानीमा सो खेल सञ्चालन गराउन आवश्यकता बमोजिम कार्यहरू अघि बढाइनेछ ।

## अध्यक्ष महोदय

४१. अब म आगामी आर्थिक वर्षका लागि सामाजिक विकास तर्फका नीति तथा कार्यक्रमहरूलाई यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्ताव गर्न चाहन्छु ।

## सामाजिक विकास

४२. कोरोना महामारीको संक्रमण हुन नदिने, राहत तथा उद्धार र उपचारका लागि आगामी आर्थिक वर्षमा श्रोतको सुनिश्चितता गरिनेछ । आवश्यक परेको खण्डमा सबै खर्च शीर्षकहरूबाट कोरोना कोषमा आवश्यक बजेट रकमान्तर गर्न मिल्ने नीति लिइनेछ । जनताको जीउ ज्यानको सुरक्षाको लागि गाउँपालिकाले पहलकदमी लिनेछ ।

४३. **पुरातात्विक एवम् गाउँपालिकाको ऐतिहासिक महत्त्व बोकेको घरपझोङ किल्ला**लाई संरक्षण, सम्बर्धन तथा प्रचारप्रसार सहित सौदर्यीकरण गर्नको लागि थप कार्यक्रहरूको लागि गाउँपालिकाबाट पहल गरिनेछ ।

४४. ऐतिहासिक लोक संस्कृतिको प्रतिरूप **लोक बाजा, लोक भाका तथा नृत्यहरू**लाई संरक्षण गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

४५. माध्यमिक तहसम्मको विद्यालयहरूको व्यवस्थापन संविधानतः अहिले गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेकोछ । यस गाउँपालिकामा रहेका सबैखाले विद्यालयहरूको प्रभावकारी व्यवस्थापनमा गाउँपालिकाले सहयोग गर्नेछ । माध्यमिक तहसम्मका विद्यालयहरूको प्रभावकारी व्यवस्थापनका लागि **स्थानीय शिक्षा ऐनको विधेयक** यही गाउँसभामा पेश गरिनेछ ।

४६. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ । संस्थागत विद्यालय तथा सामुदायिक विद्यालयहरूलाई समन्वयात्मक रूपमा असल अभ्यासहरूको आदान प्रदान गराउने नीति तथा कार्यक्रमहरू लागू गरिनेछ । विद्यमान

कोरोना लकडाउनबाट प्रभावित संस्थागत विद्यालयहरूलाई सुसञ्चालन गर्न गाउँपालिकाको तर्फबाट गर्नसक्ने सबै खाले सहयोग गर्ने नीति लिइनेछ ।

४७. पूर्व वाल विकास कक्षाहरूमा अध्यापनरत सहजकर्ताका लागि तालीम तथा प्रोत्साहन भत्ता दिने कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

४८. शिक्षक तालीम कार्यक्रमलाई आगामी आर्थिक वर्ष पनि सञ्चालन गरिनेछ । विद्यालयहरूको भौतिक संरचना सुधारका लागि गण्डकी प्रदेश सरकार तथा संघीय सरकारको सहलगानीमा थप कार्यक्रमहरू लागू हुनेछन् ।

४९. विद्यालयस्तरमा भर्ना गरिने करार शिक्षकहरूलाई पूर्ण प्रतिस्पर्धामा आधारित बनाउने नीतिले निरन्तरता पाउनेछ । आगामी आर्थिक वर्षमा **कक्षा १ का लागि स्थानीय पाठ्यक्रम** तयार पारी नयाँ शैक्षिक सत्रबाट लागू गरिनेछ ।

५०. सबै सामुदायिक, संस्थागत तथा बौद्ध गुम्बाहरूमा सञ्चालन भएका विद्यालयहरूको अध्ययन अध्यापनमा सहयोग पुग्नेगरी कानूनी तथा प्रकृयागत सुधार गरिनेछ र त्यसका लागि आवश्यक सुधारका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५१. विद्यमान कोरोनाको संक्रमणको जोखिमले लामो समयदेखि विद्यालयहरूको पठनपाठन प्रभावित भईरहेकोछ । अहिले देशमा नियन्त्रित लकडाउनको आदेश जारी भएकोछ । यस प्रकारको लकडाउनको समयमा विद्यार्थीहरूलाई **बैकल्पिक शिक्षण सिकाई** विधीबाट पठनपाठन गराउने सम्बन्धमा गाउँपालिकाले पहलकदमी लिनेछ । यस कार्यमा सबै शिक्षाप्रमी जनसमुदाय तथा शिक्षकवर्ग र सरोकारवाला नागरिकहरूको उल्लेख्य साथ सहयोगको अपेक्षा गरिएकोछ ।

५२. स्वास्थ्य मानिसको अमूल्य निधी रहेको विषयमा यस गाउँसरकार दृढसंकल्पित छ र सोही बमोजिम कार्यक्रमहरूको कार्यान्वयन गर्नेतर्फ अग्रसर पनि छ । आगामी आर्थिक वर्षमा पनि विगत वर्षहरूमा जस्तै मानिसलाई शारिरीक, मानसिक तथा सामाजिक रूपमा स्वस्थ्य रहन सहयोग पुग्ने कार्यक्रमहरूको कार्यान्वयन गरिनेछ । यसका लागि प्रदेश तथा संघीय सरकारबाट घोषित कार्यक्रमहरू समेत समावेश हुनेछन् ।

५३. **प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने**गरी योजना गरिनेछ । स्वास्थ्य संस्थाहरूमा औषधीको उपलब्धता सुनिश्चित गरिनेछ । स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिहरूलाई आवश्यकता बमोजिमका तालीमका कार्यक्रमहरू लागू हुनेछन् । चिमाङ र स्याङमा आधारभूत स्वास्थ्य केन्द्रको निर्माण कार्य आगामी आर्थिक वर्षको

अन्त्यसम्ममा पूरा गरिनेछ । घरपझोङवासी जनताहरूको लागि जनस्वास्थ्य क्षेत्रमा कुनैपनि रिक्तताको महशुस नहुनेगरी कार्यक्रमहरू एकीकृत रूपमा लागू गरिनेछ ।

**अध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरू**

५४. वडाहरूमा कार्यरत **महिला स्वयम् सेविकाहरू**लाई प्रदान गरिदै आएको प्रोत्साहन भत्तालाई आगामी वर्षपनि निरन्तरता दिइनेछ । सुत्केरी महिलाहरूलाई नेपाल सरकारबाट प्रदान गरिदै आएको पौष्टिक आहार खर्चका अलावा यस गाउँपालिकाले थप पौष्टिक आहार खर्च प्रदान गर्दै आएकोमा त्यो कार्यक्रम आगामी वर्ष पनि निरन्तर हुनेछ । गर्भवती महिलाहरूको नियमित स्वास्थ्य परीक्षण गराउने तथा स्वास्थ्य संस्थामा नै प्रसूति गराउन सबै सम्बन्धित घरपरिवारलाई प्रोत्साहन गरिनेछ ।

५५. **मुस्ताङ जिल्ला अस्पतालको नयाँ भवन निर्माण** सम्बन्धमा गण्डकी प्रदेश सरकारको योजना बमोजिम चालू आर्थिक वर्षबाटै केही प्रारम्भिक कार्यहरू शुरू भईसकेकाछन् । सुविधासम्पन्न अस्पताल भवनको निर्माण कार्यमा गाउँपालिकाले आवश्यक समन्वय र सहकार्य गर्नेछ र समयमानै भवन निर्माणको कार्य सम्पन्न गराउन पहल गर्नेछ ।

५६. **स्वच्छ पीउने पानीको व्यवस्था तथा स्वच्छ वातावरणमा जिउन पाउने संविधान प्रदत्त मौलिक हक**प्रति यस गाउँपालिका सचेत र सजग रहेकोछ । सबै गाउँपालिकाबासीहरूलाई स्वच्छ पीउने पानीको व्यवस्था गर्न स्थानीय सरकार अग्रसर रहिरहेको छ । र यसै नीतिलाई आगामी आर्थिक वर्षहरूमा पनि निरन्तरता दिइनेछ ।

५७. सरसफाई सब्य समाजको द्योतक हो । यसै विषयलाई हृदयङ्म गर्दै गाउँपालिकाको सरसफाईमा स्थानीय सरकार लागिरहेको छ । **पवित्र कालीगण्डकी नदी**को पवित्रतालाई अक्षुण्ण राख्दै गाउँपालिकाले **फोहरमैला व्यवस्थापन**मा विशेष ध्यान दिनेछ ।

५८. आगामी आर्थिक वर्षमा फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतनामूलक तालीम कार्यक्रमको आयोजना गरिनेछ र सकेसम्म थोरै फोहोर उत्पादन गर्ने र उत्पादित फोहोर घरमै व्यवस्थापन गर्ने तरिका सिकाइनेछ । घरमा व्यवस्थापन गर्न नसकिएको फोहरलाई त्यसको वर्गीकरण गरी छुट्टाछुट्टै प्याकेटीङ गरी सम्बन्धित ठाउँमा पठाउने र घरपझोङ गाउँपालिकालाई स्वच्छ र सफा बनाउने नीति लिइनेछ ।

५९. घरपझोङ गाउँपालिका **हिन्दू र बौद्ध धर्मालम्बीहरू**को अनुपम मिश्रणको नमूना हो । यस क्षेत्रमा भएका सबै धर्म, संस्कृति, चालचलन, रीतिरिवाज, भेषभूषाको गाउँपालिका संरक्षण, प्रवर्धन गर्दै जानेछ ।

६०. आजको समाज मानिसहरूमा विभेद गर्ने, पुरुष र महिलामा फरक व्यवहार गर्ने हुनै सक्दैन र हुनु हुँदैन । तुलनात्मक रूपमा मुस्ताङ जिल्ला महिलामैत्री जिल्ला नै हो । यसलाई कायमै राख्दै **महिला सशक्तिकरण**का थप कार्यक्रमहरू आयोजना गरिनेछ । आमा तथा महिला समूहहरूलाई थप सशक्तिकरण गरिनेछ । **बालबालिका तथा फरक क्षमता भएका समुदाय**हरुका लागि लक्षित कार्यक्रमहरू लागू गरिनेछ ।

६१. स्थानीय विकास निर्माणका कार्यक्रमहरूमा महिलाहरूको मात्र सहभागिता भएका केही उपभोक्ता समिति गठन गरी नमूनाका रूपमा आयोजना कार्यान्वयन गर्ने नीति लिइनेछ। यस्ता कार्यहरूले महिलालाई थप प्रोत्साहित गर्नेछ र आगामी दिनहरूमा थप महिलामैत्री कार्यक्रमहरू प्रस्तावित हुनेछन् । उपभोक्ता समितिहरूमा महिलाहरूलाई अध्यक्ष बन्नको लागि उत्प्रेरित गर्ने नीति लिइनेछ । प्रत्येक वडा समितिहरूले महिलाहरूको नेतृत्वमा योजना तथा कार्यक्रमहरू कार्यान्वन गर्न प्रोत्साहित गर्नेछन् । गाउँपालिकाले यस कार्यमा समन्वय तथा प्रभावकारी अनुगमन गर्नेछ ।

६२. **महिला सशक्तिकरण**का लागि आगामी वर्षमा थप तालीमका कार्यक्रमहरू आयोजना हुनेछन् । आमा समूह तथा महिला समूहका समाज घरहरूको मर्मत संभार गर्ने तथा ती घरहरूलाई सुविधामैत्री बनाउने नीति लिइनेछ ।

६३. जातीय विभेद समाजको कलंक हो र विकासको विरोधी हो । त्यसैले जातीय विभेद अन्त्यका लागि गाउँपालिकाले कार्यक्रमहरू आयोजना गर्नेछ । **जातीय विभेदको समूल अन्त्य**का लागि आवश्यक योजना निर्माण गरी कार्यक्रम लागू गरिनेछ ।

६४. बालबालिका, ज्येष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरूका लागि विशेष कार्यक्रमहरूको आयोजना गरिनेछ ।युवा पिंडीहरूलाई शारिरिक तथा मानसिक विकासका कार्यक्रमहरू दिनका लागि **खेलकूद पूर्वाधार निर्माण** गर्दै लगिनेछ । जोमसोममा आधुनिक खेल मैदान कार्य शुरू भइसकेको विद्यमान अवस्थामा सो खेल मैदानको छिटो भन्दा छिटो निर्माण कार्य पूरा गर्ने नीति लिइनेछ । आगामी आर्थिक वर्षमा जोमसोममा **वहुउद्देशीय सभाहल** निर्माण सम्पन्न गरिनेछ ।

६५. यस गाउँपालिका अन्तर्गत रहेका न्यूनतम रोजगारी नपाएका बेरोजगार व्यक्तिहरूको लागि **प्रधानमन्त्री रोजगार कार्यक्रम** मार्फत् न्यूनतम रोजगारीको अवसर प्रदान गर्ने नीति

आगामी आर्थिक वर्षमा पनि लिइनेछ । यस्ता कार्यक्रमहरू प्रभावकारी र उद्देश्यपरक रूपमा सञ्चालन गर्न वडा समिति तथा स्थानीय जनताहरुको नेतृत्वदायी भूमिका गाउँपालिकाले अपेक्षा गरेकोछ ।

**अध्यक्ष महोदय**

६६. अब म आगामी आर्थिक वर्ष यस गाउँपालिकाले पूर्वाधार विकास तर्फ अंगीकार गर्ने नीति तथा कार्यक्रमहरूलाई संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**पूर्वाधार विकास**

६७. गाउँपालिकाको मुख्य प्रशासनिक भवन रहेको स्थान जोमसोम बजारदेखि सबै वडा कार्यालयहरू जोड्ने कच्ची सडकहरूको स्तरोन्ती गर्दै मर्मत संभार गरिनेछ । यस्ता सडकहरूलाई बाह्रै महीना सञ्चालन गर्न सकिने बनाइनेछ ।

६८. सबै ग्रामीण सडकहरूलाई दीगो रूपमा व्यवस्थापन गर्ने नीति लिइनेछ । गाउँपालिका भएर जाने **बेनी –जोमसोम –कोरला सडक** समयमानै पूरा गराउनको लागि सम्बन्धित निर्माण व्यवसायी तथा सरकारका निकायहरूलाई घच्घच्याइनेछ ।

६९. **मार्फा देखि याकखर्क जोड्ने कृषि सडक**को निर्माणकार्य चालू आर्थिक वर्षको अन्त्य तथा आगामी आर्थिक वर्षको शुरूसम्ममा पूरा गरिनेछ । यसबाट सम्बन्धित किसानहरू तथा पर्यटक एवम् साहसीक पदयात्रीहरू लाभान्वित हुनेछन् ।

७०. आगामी आर्थिक वर्ष निर्माणाधिन **जोमसोम ठिनी छैरो रिङरोड** तथा मार्फा छैरो जोड्ने मोटरेबल पुलको निर्माण कार्यलाई सुचारू गर्नको लागि विशेष पहल गर्ने नीति लिइनेछ । स्याङ र ढुम्बा जोड्ने मोटरेवल पुलको लागि संघ तथा प्रदेश सरकारमा पहल गरिनेछ ।

७१. गाउँपालिकाको मुख्य पेशा मध्ये कृषि पेशा पनि एक भएकाले **सिचाईंलाई प्राथमिकता**मा राखिएकोछ । स्याउ तथा अन्य वालीहरूका लागि सिँचाई अनिवार्य सर्त हो । त्यसैले गाउँपालिका क्षेत्रभित्र सिँचाई पूर्वाधार विकासमा विशेष जोड दिइनेछ । सबै परम्परागत कुलोहरूको मर्मत/ संभार गरिनेछ । सबै खेतियोग्य जमिनमा सिँचाई सुविधा पुर्याउने स्थानीय सरकारको नीति रहनेछ ।

७२. गाउँपालिकाका परम्परागत घरहरूलाई संरक्षण गर्दै नयाँ घरहरूका लागि अनुमति दिने स्थानीय सरकारको नीति रहनेछ । नयाँ घरहरू निर्माण गर्दा भवन निर्माण सम्बन्धी

नेपाल सरकारको मापदण्ड तथा यस गाउँपालिकाको **नक्सापास सम्बन्धी मापदण्ड, २०७५** को अवलम्बन गर्ने नीति लिइनेछ । नयाँ बनाउने घरहरूको लागि घरधनीहरूले अनिवार्य रूपमा नक्सापास गर्नुपर्नेछ भने आगामी आर्थिक वर्षभरीमा यस गाउँपालिका भित्र रहेका पुराना घरहरूका लागि **घर नंवर प्रदान गरी अभिलेखिकरण गर्ने** कार्य पूरा गरिनेछ ।

७३. हालका दिनहरूमा यस गाउँपालिकाले ऊर्जा संकट बेहोरिरहेको अवस्था छ । यो संकटबाट जनतालाई उम्काउन गाउँपालिकाले आगामी वर्ष विभिन्न नीतिहरू अवलम्बन गर्नेछ । केन्द्रीय प्रसारण लाईनबाट सहजरूपमा विद्यूत शक्ति प्राप्त गर्नका लागि सम्बन्धित निकायहरूमा पहल गरिनेछ ।

७४. गाउँपालिका क्षेत्रभित्र निजी तथा अन्य सरकारी तथा गैरसरकारी क्षेत्रबाट **लघू तथा साना जलविद्यूत** उत्पादन गर्न खोजेमा सहयोग तथा समन्वय गरिनेछ ।

७५. गाउँपालिका क्षेत्रका सबै दलित तथा विपन्न घरपरिवारहरूको लागि घर घरमा **बैकल्पिक सौर्य ऊर्जा जडान** गर्ने कार्यलाई यसै वर्ष पूरा गरिनेछ भने आगामी आर्थिक वर्षमा सडक वत्ती तथा अन्य प्रयोजनको लागि सौर्य तथा बैकल्पिक ऊर्जाको उत्पादन गर्नको लागि सम्बन्धित निकायहरुमा समन्वय गरिनेछ ।

७६. **ढुम्बाताल**मा सौर्य ऊर्जा प्रविधि जडान गरी नमूना पर्यटकीय क्षेत्र बनाउने सम्बन्धमा गाउँपालिकाले विगतका वर्षहरूबाट नै कार्यक्रमहरू लागू गरिरहेकोछ । ढुम्बा ताललाई मुस्ताङ भ्रमण गर्ने पर्यटकहरूको लागि अनिवार्य गन्तव्य बनाई तिनीहरुको बसाई लम्ब्याउने गरी तालको समग्र व्यवस्थापन गर्ने नीति लिइनेछ । तालको व्यवस्थापनमा आवश्यकताको आधारमा खर्च गर्ने र उक्त तालको आम्दानी पनि गाउँपालिकामा ल्याउने गरी प्रकृया मिलाईनेछ ।

७७. यस गाउँपालिकाका सबै वडाहरूमा सञ्चार सुविधा पुगेको विद्यमान अवस्था रहेकोछ । सबै वडा कार्यालयहरूमा विद्यूतीय माध्यमबाट सुचनाहरू आदानप्रदान भईरहेकोछ । आगामी आर्थिक वर्षबाट वडा कार्यालयहरूको **राजस्व तथा कर संकलन प्रकृया समेत विद्यूतीय माध्यम**बाट गरिनेछ ।

७८. गाउँ कार्यपालिकाको कार्यालयले आफ्नै **वेभसाइट तथा मोबाइल एप्लीकेशन** सञ्चालनमा ल्याएकोछ । सबै जनसरोकारका सूचनाहरू वेभसाइटमा अपलोड गरी सर्वसाधारणको पहुँचमा पु-याइनेछ । जनप्रतिनिधिहरूलाई समेत सामाजिक सञ्जालको प्रयोग मार्फत् सूचनाहरू आदान प्रदान गर्न आवश्यक तालीमको व्यवस्था मिलाइनेछ । जिल्लामा

रहेका सबै पत्रकारहरूसँग समन्वयात्मक रूपमा सूचनाहरूको पहुँच पु-याइनेछ र आगामी वर्षको शुरूवात सँगै गाउँपालिकाले आफ्नै समाचार प्रदायक न्यूज पोर्टल **मुस्ताङखबर डट कम**को प्रकाशन शुरू गर्नेछ ।

**अध्यक्ष महोदय,**

७९. अब म आगामी आर्थिक वर्षका लागि वातावरण तथा विपद् व्यवस्थापनका क्षेत्रमा गाउँपालिकाले अंगिकार गर्ने नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

**वातावरण तथा विपद् व्यवस्थापन**

८०. यस गाउँपालिका क्षेत्रमा पाइने जैविक विविधताको संरक्षणमा विशेष जोड दिइनेछ । नाङ्गा भूभागलाई वृक्षारोपण गर्ने तथा कालीगण्डकीको कटान न्यूनीकरणका लागि संघीय तथा प्रदेश सरकारको सहयोगमा कार्यक्रम अगाडी बढाइनेछ । जोमसोममा निर्माण शुरू भएको बृहत **कालीगण्डकी तटबन्धन**को कार्य तोकिएकै समयमा पूरा गरिनेछ ।

८१. जलाधार तथा पानीढलोको संरक्षणका लागि योजनाहरू बनाइ लागू गरिनेछ ।अन्नपूर्ण संरक्षण आयोजनाको समेत समन्वयमा जिल्ला समन्वय समिति, मुस्ताङ तथा अन्य गाउँपालिकाहरूको संलग्नतामा कालीगण्डकी नदीमा रहेको नदीजन्य पदार्थहरूको उपयोग गर्नको लागि **वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)** का लागि पहल गरिनेछ ।

८२. **दीगो विकास लक्ष्य**लाई मध्यनजर गर्दै गाउँपालिका क्षेत्रभित्र प्रदूषण नियन्त्रण गर्न विभिन्न कार्यक्रमहरूको तर्जूमा गरी लागू गरिनेछ । घरबाट निस्कने फोहोरमैलालाई व्यवस्थापन गर्ने तथा घरयासी प्रयोजनको लागि प्रयोगमा आइरहेको प्लाष्टिकको अत्यधिक प्रयोगलाई न्यूनीकरण गर्दै प्लाष्टिकको विकल्पका लागि प्रारम्भिक कार्यहरू आगामी आर्थिक वर्षबाटै शुरू गरिनेछ । कालीगण्डकी नदीमा फोहर विसर्जन गर्ने कार्यलाई पूर्ण रूपमा बन्देज गरिनेछ ।

८३. जलवायू परिवर्तनबाट श्रृजित समस्याहरूको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धिका कार्यक्रमहरू तय गरी लागू गरिनेछ । फोहरमैला व्यवस्थापनको लागि दीगो र भरपर्दो व्यवस्था मिलाइनेछ ।

८४. जल उत्पन्न प्रकोप नियन्त्रण कार्यका लागि **विपद् व्यवस्थापन कोष तथा आकस्मिक कोष**को व्यवस्था गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । यस गाउँपालिका क्षेत्रमा विपद् व्यवस्थापनका लागि सामाग्रीहरुको व्यवस्था गरिनेछ । यस कार्यका लागि

जिल्लाका सबै सुरक्षा निकायहरू तथा अन्य सरोकारवाला संस्थाहरूसँग सहकार्य गरिनेछ ।

**अध्यक्ष महोदय,**

८५. अब म आगामी आर्थिक वर्षका लागि संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनका क्षेत्रमा गाउँपालिकाले अंगिकार गर्ने नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

**संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन**

८६. निर्वाचित जनप्रतिनिधीहरूलाई **समय सापेक्ष सीप विकास तथा सूचना प्रविधिको प्रयोग** सम्बन्धमा प्रशिक्षित हुने कार्यक्रमहरुको आयोजना गरिनेछ । विभिन्न सरकारी कामकाज सम्बन्धी विद्यमान नीतिगत तथा कार्यसम्पादन सम्बन्धी प्रशिक्षण कार्यक्रमहरूको आयोजना गरिनेछ ।

८७. जनताका लागि सेवा प्रवाह गर्ने कर्मचारी संयन्त्रको **क्षमता अभिवृद्धि** गरी कार्यसम्पादनलाई चुस्त दुरुस्त पारिनेछ । कर्मचारीहरूका लागि सूचना प्रविधिको प्रयोग तथा सीप विकास सम्बन्धी तालीमहरूको आयोजना गरिनेछ ।क्षमता विकास सम्बन्धी पुनर्ताजगी तालीम तथा अध्ययन भ्रमणका कार्यक्रमहरू समेत आयोजना गरिनेछ ।

८८. **कर्मचारीहरूको उत्प्रेरणा अभिबृद्धि** गराउने, मनोबल उच्च पार्ने र त्यसको प्रभाव सेवाप्रवाहमा देखाउनको लागि सूचकमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ । फ्लेग्जी टाइम (Flexi Time) को कार्यान्वन गर्ने तथा अतिरिक्त समयमा कार्यालयमा काम गरे बापत कार्यविधि बनाई प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ । कोरोना संक्रमणको न्यूनीकरण सम्बन्धमा प्रत्यक्ष संलग्न कर्मचारी तथा पदाधिकारीहरूको लागि सङ्घीय कानून बमोजिम जोखिम भत्ताको व्यवस्था मिलाइनेछ ।

८९. सबै **वडा कार्यालयहरू**लाई थप व्यवस्थित गरिनेछ । आवश्यक फर्निचर तथा विद्यूतीय सामग्रीहरूको अपुग नहुने गरी प्रवन्ध गरिनेछ । अधिकांश वडा कार्यालयहरूको आफ्नै भवन बनिसकेको अवस्था छ ।

९०. गाउँ कार्यपालिकाको **कार्यालयको नयाँ भवन तथा बहुउद्देश्यीय सभाहल** निर्माण कार्यलाई तोकीएकै समयमा सम्पन्न गरिनेछ

९१. सबै कर्मचारीहरूको न्यूनतम कार्यसम्पादन सूचक निर्धारण गरिनेछ । गुण र दोषको आधारमा पुरस्कार र दण्ड प्रणाली अवलम्बन गरिनेछ । सबै शाखाहरू तथा वडा

कार्यालयहरू बीच ठाडो र तेस्रो सहसम्बन्ध कायम गरी **प्रविधिमा आधारित कार्यसम्पादन प्रणाली**को अवलम्बन गरिनेछ ।

९२. कार्यालयहरूले आआफ्नो **वार्षिक कार्ययोजना** बनाई लागू गर्ने व्यवस्था मिलाईनेछ । आर्थिक वर्षको अन्त्यमा मात्र कामको चाप पर्ने, अन्य महिनाहरूमा न्यूनतम काम हुने प्रथाको अन्त्य गरिनेछ । सबै उपभोक्ता समितिहरूलाई योजना कार्यान्वयन तथा फछ्र्यौट सम्बन्धी तालीम दिइनेछ जसले गर्दा योजना भुक्तानीको समयमा नियमानुसार भुक्तानी सहज हुनेछ । गाउँ कार्यपालिकाको कार्यालयबाट हुने सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।

९३. आजको प्रविधिको युगमा **सेवा प्रवाहलाई पनि प्रविधिमा आधारित** बनाउनै पर्ने हुन्छ । वडा कार्यालयहरूमा इन्टरनेटको पहुँच पुगिसकेको अवस्थामा अबको सेवा प्रवाह प्रविधिमा आधारित हुनुपर्दछ । यस सम्बन्धमा चालू आर्थिक वर्षबाटै केही कार्यहरू सुचारू भएकोमा **सूचना प्रविधिको प्रयोग गरी उत्पादकत्व अभिवृद्धि** गर्नेतर्फ थप कार्यक्रमहरू लागू गर्दै लगिनेछ ।

९४. सबै वडा कार्यालयहरूलाई गाउँ कार्यपालिकाको कार्यालयसँग विद्यूतीय सूचना प्रविधिबाट जोडिनेछ । आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै वडा कार्यालयहरूलाई समन्वय गर्न सकिने व्यवस्था मिलाईनेछ । **भिडियो कन्सफेरन्स वा यस्तै प्रविधि**को सहयोगले सबै वडा कार्यालयहरूलाई तुरून्तै गाउँपालिकाका पदाधिकारी/ कर्मचारी तथा प्राविधिकबाट आयोजनाको विषयमा सल्लाह सुझाव दिन सकिने व्यवस्था मिलाइनेछ ।

९५. कार्यालयको अभिलेख व्यवस्थापनलाई समयसापेक्ष वैज्ञानिक तथा विश्वसनीय बनाइनेछ । कार्यालयमा विद्यूतीय पुस्तकालय खोल्नका लागि सम्भाव्यता अध्ययन गरिनेछ । उत्कृष्ठ कार्यसम्पादन गर्ने **कर्मचारीलाई पुरस्कृत** गरिनेछ ।

९६. आन्तरिक आयलाई अधिकतम् प्रतिफलका क्षेत्रमा लगानी गरिनेछ । धेरै कर वुझाउने करदातालाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ । **कर संकलनलाई सफ्टवेयर मार्फत् अभिलेखांकन गर्ने** र कर प्रशासनलाई सरलीकृत र सजिलो पारिनेछ ।

९७. यस गाउँपालिकाद्वारा विनियोजन गरिएको बजेटको अधिकतम् उपयोग हुने प्रवन्ध गरिनेछ । आयोजना तथा कार्यक्रम कार्यान्वयनमा मितव्ययीता कायम गरिनेछ । सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आयोजना स्थलमा होडिङ बोर्ड राख्नेजस्ता **सुशासन प्रवर्धनका सूचकहरू**को प्रयोगमा अनिवार्य गरिनेछ । उपभोक्ता

समितिले गर्ने कार्यमा नियमानुसार न्यूनतम् साझेदारीको सुनिश्चतता गरिनेछ । उपभोक्ता समितिहरूबाट गर्न नसकिने जटिल कार्यहरूलाई समयमानै अन्य विधिबाट योजना कार्यान्वयन गर्ने प्रकृया अघि बढाइनेछ ।

९८. **आन्तरिक लेखापरीक्षण**लाई प्रभावकारी तुल्याउने तथा कानून बमोजिम मात्र खर्च गर्ने परिपाटी मिलाइनेछ ।

९९. माथि उल्लिखित नीतिहरूको कार्यान्वयन गर्नको लागि आवश्यकता अनुसार गाउँपालिकाले **कानून** बनाई लागू गर्नेछ ।

१००. आगामी आर्थिक वर्षको लागि नीति तथा कार्यक्रमहरू निर्धारण गर्नको लागि प्रत्यक्षरूपमा महत्वपूर्ण सल्लाहसुझाव दिनुहुने गाउँपालिकाका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू लगायत सबै शाखाका कर्मचारीहरूमा धन्यवाद व्यक्त गर्दछु । साथै, अप्रत्यक्ष रूपमा सल्लाह सुझाव दिनुहुने सबै गाउँसभाका सदस्यज्यूहरू, राजनीतिक दलका नेता साथीहरू समेत घरपझोङवासी दाजुभाइ दिदिबहिनिहरूमा समेत कृतज्ञता व्यक्त गर्दछु ।

१०१. आगामी आर्थिक वर्षका लागि यस सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा सदैव मार्गदर्शन तथा उत्प्रेरणा प्रदान गर्नुहुने जिल्ला समन्वय समिति, मुस्ताङ र मुस्ताङ जिल्लाबाट प्रतिनिधि सभा र गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने सबै माननीय सांसद्ज्यूहरूमा हार्दिक धन्यवाद र आभार प्रकट गर्दछु ।

१०२. उल्लिखित बमोजिमका नीतिहरुको कार्यान्वयनका लागि गरिमामय गाउँसभाका सबै सदस्यज्यूहरू, कर्मचारी, आम जनता, वुद्धिजिवी तथा सबै सरोकारवाला घरपझोङवासीको साथ र सहयोगको अपेक्षा लिएकोछु । सरोकारवाला सबैको साथ र सहयोगले नै घरपझोङ गाउँपालिकाको **"समावेशी, सामाजिक रूपान्तरण, प्रकृति संरक्षण र संस्कृति",: "*कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार घरपझोङको समृद्धि*"** भन्ने गाउँपालिकाको नारा तथा गण्डकी प्रदेश सरकारले अवलम्बन गरेको **समृद्ध प्रदेश, सुखी नागरिक**को दीर्घकालिन सोंच र नेपाल सरकारले अवलम्बन गरेको **समृद्ध नेपाल, सुखी नेपाली** को नारा पूरा हुनेछ भन्नेमा विश्वास लिएकोछु ।

धन्यवाद ।

**प्रस्तुतकर्ता**

आसबहादुर थकाली
अध्यक्ष
घरपझोङ गाउँपालिका, मुस्ताङ

**घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय**
**जोमसोम, मुस्ताङ**
**फोन नं. ०६९-५२००१६**
**Email: gharapjhongruralmunicipality@gmail.com**
**website: www.gharapjhongmun.gov.np**
**Facebook: www.facebook.com/GharapjhongRM**

# घरपझोङ गाउँपालिका, मुस्ताङको

## आर्थिक वर्ष २०७७/७८ को

# वार्षिक विकास योजना

घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङ**

गण्डकी प्रदेश

नेपाल

घरपझोङ गाउँपालिका, जोमसोम, मुस्ताङको छैटौं गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जूमा समितिका संयोजक श्री सर्मिला गुरूङज्यूले प्रस्तुत गर्नुभएको

# आ.व. २०७७|७८ को वार्षिक विकास योजना

**सभाबाट पारित मितिः २०७७|०३|०९**

घरपझोङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय, मुस्ताङ**

गण्डकी प्रदेश

नेपाल

**गाउँपालिकाको छैटौं गाउँ सभाको यस गरिमामय बैठकको अध्यक्षता गरिरहनुभएका गाउँ सभा अध्यक्षज्यू, गाउँ सभाका सबै सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृत समेत उपस्थित कर्मचारी मित्रहरू ।**

१. विश्वव्यापी कोरोना महामारीका कारण उत्पन्न असामान्य परिस्थितिमा यस गाउँपालिकाको छैटौं गाउँ सभामा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७|७८ को वार्षिक विकास योजना प्रस्तुत गर्न लागिरहेकोछु । आगामी आर्थिक वर्षका लागि वार्षिक बजेट प्रस्तुत हुने यस सभामा उपस्थित सबै सभाका सदस्यज्यूहरूलाई स्वागत गर्न चाहन्छु ।

२. विश्वव्यापी कोरोना महामारीबाट नेपाल पनि अछुतो रहन सकेन । यस महामारीको कारणबाट नेपालमा समेत केही व्यक्तिहरूको निधन भईसकेको छ र हजारौं नेपालीहरू संक्रमित भएका छन् । नेपाल लगायत विश्वका अन्य मुलुकहरूमा कोरोनाको कारणबाट ज्यान गुमाएका नेपाली तथा गैर नेपाली सबै मानव समुदायप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र सबै संक्रमित विरामीहरूको शीघ्र स्वास्थ्यलाभको कामना समेत गर्दछु ।

३. कोरोना महामारी विश्व समुदायको लागि मुख्य चुनौतिको रूपमा रहेकोछ । यस महामारीको संक्रमण नेपालमा पनि वढ्दो रूपमा फैलिदै गईरहेको अवस्था छ । आजको यस जटील अवस्थामा यस गाउँपालिका क्षेत्र लगायत मुस्ताङ जिल्लामा यसको संक्रमण हालसम्म एक जनामा पुष्टी भएकोछ ।

४. मुस्ताङ जिल्लामै पहिलोपटक यस महामारीको संक्रमण देखिएको स्थान १ नं. वडा छैरो क्याम्पका टिवेटियन शरणार्थी समूह तथा छैरो निवासी आम जनता, १ नं. वडा निवासी सबै जनताहरू एवम् सबै मुस्ताङबासी महानुभावहरुमा संयमित बन्न र भयभित नभईकन यस महामारीका विरूद्धमा लाग्न अनुरोध गर्दछु । यस विश्वव्यापी महामारीसँग जुध्नको लागि गाउँपालिका सबै जनतासँगै साथै रहेको बेहोरा पनि अनुरोध गर्न चाहन्छु । कोरोना संक्रमित व्यक्तिको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

५. आजको दिनसम्म त कोरोना संक्रमण सम्बन्धमा हाम्रो लागि सहज परिस्थिति नै थियो । कोरोनाको थप संक्रमण हुन नदिन हामीहरू अझै सजग र सचेत रहनुपर्ने र सघन रूपमा लागिरहनुपर्ने अवस्था छ । आजको परिस्थितिमा सचेत र सजग भई नेपाल सरकारको निर्णय बमोजिम नियन्त्रित लकडाउनको पालना गर्न सबै गाउँपालिकाबासीहरूलाई विनम्र अनुरोध

पनि गर्न चाहन्छु । हालसम्म लकडाउनको पालना गरिरहनुभएकोमा सबै जनतालाई धन्यवाद ज्ञापन गर्दछु ।

६. नेपाल सरकारको निर्णय बमोजिम नेपाल राज्यभर गत वर्षको चैत्र ११ गतेबाट लागू भएको लकडाउनको आदेश बमोजिम अधिकांश सरकारी कार्यालयहरू झण्डै झण्डै बन्दको अवस्थामा थिए । स्थानीय सरकारको कार्यालय भएको हुनाले यस गाउँ कार्यपालिकाको कार्यालयबाट एकातिर कोरोना रोकथाम तथा न्यूनीकरण, राहत र उद्धारको काम गर्नु थियो भने अर्कोतिर विकास निर्माणका कार्यहरू समेत अगाडि बढाउनुपर्ने निकै चुनौतिपूर्ण कार्यजिम्मेवारी हामीमा थियो ।

७. यस्तो विषम् तथा त्रासदीपूर्ण वातारणमा कार्यालय एकदिन पनि बन्द नगरिकन सेवाप्रवाह सुचारू गर्ने सबै राष्ट्रसेवक कर्मचारी तथा मुर्धन्य साथ र सहयोगको लागि सबै जनप्रतिनिधी साथीहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

८. नेपालमा सङ्घीय व्यवस्था स्थापना पश्चात जारी भएको नेपालको संविधान बमोजिम देशमा तीन तहका सरकारहरू क्रियाशिल छन् । स्थानीय सरकारको स्थापना पश्चात निर्वाचित घरपझोङ गाउँपालिकाको छैटौं गाउँ सभामा आगामी आर्थिक वर्ष २०७७|७८ को वार्षिक बजेट पेश गर्न पाउँदा म आफूलाई खुशीको अनुभूति भएको महशुस गरिरहेकोछु ।

९. सङ्घीय लोकतान्त्रिक गणतन्त्र समेत देशमा अग्रगामी राजनीतिक परिवर्तन गर्न विभिन्न राजनीतिक सङ्घर्षमा आफ्नो जीउज्यानको आहूति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरूलाई भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु । साथै, अग्रगामी राजनीतिक परिवर्तनको लागि महत्त्वपूर्ण योगदान पुर्याउनुहुने सबै राजनीतिक दलका यौद्धा नेताहरूलाई समेत यस घडीमा स्मरण गर्न चाहन्छु ।

**अध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरू**

१०. अव म यस गरिमामय सभामा चालू आर्थिक वर्षमा गाउँपालिकाले सम्पादन गरेका केही महत्त्वपूर्ण योजना तथा कार्यक्रमहरूको विषयमा जानकारी गराउने अनुमति चाहन्छु ।

११. यस वर्षको हिउँद याम सकिएर सबै नागरिकहरू आ-आफ्नो गाउँटोलमा फर्की सामान्य जीवन शुरू गर्नै लाग्दा कोभिड १९ को सन्त्रासले गत वर्षको चैत्र एघार गतेबाट देशैभर लकडाउनको आदेश जारी भयो र सबैको ध्यान त्यतैतर्फ मोडियो । अत्यावश्यक सेवा प्रवाह गर्ने केही कार्यालयहरू बाहेक सबै कार्यालयहरू बन्दाबन्दीको अवस्थामा गए । गाउँ

कार्यपालिकाको कार्यालयको ध्यान प्रथमतः नागरिकहरूको जिउज्यानको सुरक्षामा लाग्नुपर्यो । गाउँपालिकाको सबै संयन्त्र कोभिडको संक्रमण विरूद्धमा लागी परिरह्यो ।

१२. कोभिड १९ को विरूद्धमा अहोरात्र खटिइरहनुहुने गाउँपालिकाका अध्यक्षज्यू, सबै वडा अध्यक्षज्यूहरू, कार्यपालिकाका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू समेत सिंगो गाउँसभाका तपाईं सबै सदस्यज्यूहरू एवम् कार्यालयका सबै कर्मचारी साथीहरू एवम् विशेषगरी गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूलाई घरपझोङ गाउँपालिका हृदयदेखि नै हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

१३. कोभिड विरूद्धको लडाईंमा साथ र सहयोग पु-याउनुहुने मुस्ताङ जिल्लामा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरू तथा निकायहरू, सरकारी तथा गैरसरकारी संघ संस्थाहरू र स्थानीय स्तरमा गाउँ मुखियाहरू, स्थानीयवासी जनता सबैमा गाउँपालिकाको तर्फबाट आजको यस अवसरमा धन्यवाद दिन चाहन्छु ।

१४. जिल्ला समन्वय समिति, मुस्ताङ, जिल्ला प्रशासन कार्यालय, मुस्ताङ तथा सुरक्षा निकायका सबै कर्मचारी तथा सुरक्षा संयन्त्रलाई धन्यवाद दिन चाहन्छु । विश्वव्यापी महामारीमा मार्गदर्शन, साथ र सहयोगका लागि सदाझै राजनीतिक दलका नेता तथा कार्यकर्ता साथीहरू, यस जिल्लाबाट गण्डकी प्रदेश सभा र प्रतिनिधी सभामा प्रतिनिधित्व गर्ने सबै माननीय सांसद्ज्यूहरूप्रति गाउँपालिका आभार प्रकट गर्दछ ।

१५. स्थानीय कोरोना राहत कोषमा रकम प्रदान गर्ने सबै दानवीर दाताज्यूहरूमा मुरी मुरी धन्यवाद दिन चाहन्छु ।

१६. गाउँ कार्यपालिकाको कार्यालयमा कोभिड विरूद्धको लागि राहत, उद्धार र उपचार समेतका लागि कोष स्थापना गरी हालसम्म रू २० लाख ७३ हजार ८२७ उक्त कोषमा जम्मा भएकोछ भने गाउँपालिका भित्रका दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरूको लागि राहत सामग्री वितरण, क्वारेण्टीन निर्माण/ व्यवस्थापन तथा क्वारेण्टीन बसेकाहरूको खाना खाजा खर्च समेत हालसम्म कूल १३ लाख ५६ हजार ५७६ खर्च भएको मध्ये राहत सामग्री वितरणमा रू. ३ लाख ५३ हजार ३७ र क्वारेण्टिन निर्माण व्यवस्थापनमा रू. २ लाख ६६ हजार १ सय ६६, मुस्ताङ जिल्ला विपद् व्यवस्थापन कोषमा रू. २ लाख एवम् विविध फिर्ता रकम रू. ४५ हजार ३ सय १६ रहेकोछ ।

१७. नियमित औषधी सेवन गर्ने गाउँपालिका क्षेत्रभित्रका सबै बिरामीहरूको लागि १ महीना बराबरको औषधी निःशुल्क वितरण गरिएकोछ यस कार्य समेत मास्क, स्यानीटाइजर र

कोरोना परीक्षण सम्बन्धी उपकरणहरू खरीदमा रू. ५ लाख २१ हजार ५७ खर्च भएकोछ । उक्त राहत तथा उद्धार कोषमा आजका दिनसम्म रू. ७ लाख १७ हजार २५१ मौज्दात रहेकोछ ।

१८. हालसम्म यस गाउँपालिकामा क्वारेण्टीनमा बसेका व्यक्तिहरूको सङ्ख्या २२ जना पुगेकोछ भने २१ जना डिस्चार्ज भईसकेका छन् । गाउँपालिकामा जम्मा क्वारेण्टिन बेड सङ्ख्या ५७ रहेकोछ । ती मध्ये गाउँपालिकाको केन्द्रमा ४१ बेड र अन्तर्गत वडाहरूमा १६ बेडहरू रहेकाछन् ।

१९. छिमेकी गाउँपालिकाहरू लोमन्थाङ र लोघेकर दामोदरकुण्डका निवासीहरूलाई पनि आवश्यकता अनुसार यसै गाउँपालिकाको क्वारेण्टिनमा राख्ने गरी व्यवस्था मिलाईएकोछ । ती गाउँपालिकाहरू सदरमुकाम जोमसोमबाट टाढा रहेका र चिकित्सक तथा सुरक्षा बन्दोबस्तिका लागि जोमसोममा नै राख्नु श्रेयकर देखिएकाले यस विषम् परिस्थितिमा एक असल छिमेकी गाउँपालिकाले मानवीय संवेदना प्रकट गर्नुपर्छ भन्ने मनसायले यो व्यवस्था मिलाईएको हो ।

**<u>अध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरू</u>**

२०. देशका अधिकांश स्थानीय तहमा कोरोना महामारीको कारणबाट विकास निर्माण कार्य झण्डै ठप्प भएको अवस्थामा यस गाउँपालिकामा भने हप्ता दश दिन बाहेक स्थानीय विकास निर्माणको कार्य रोकिएन । सम्भव भएसम्मका उपायहरू अवलम्बन गरी विकास निर्माण कार्यलाई तदारूकताका साथ अगाडि बढाइएको छ । जसको फलस्वरुप चालू आर्थिक वर्षमा विकास बजेटको झण्डै ७५ प्रतिशत खर्च हुने प्रारम्भिक अनुमान छ । यो कार्य देशका अन्य स्थानीय तहहरूका लागि एक उदाहरणीय कार्य हो ।

२१. यस गाउँपालिकाको समृद्धि कृषि, पशुपालन तथा पर्यटन प्रवर्द्धनमा निर्भर रहेको विषयमा गाउँपालिका जानकार रहेकोछ र तिनै क्षेत्रहरूमा प्राथमिकता दिइएको छ । गाउँपालिका क्षेत्रभित्रका कृषियोग्य खेतहरूलाई तारवार लगाउने कार्य अघि बढिरहेकोछ । चिमाङ, जोमसोम तथा ठिनी गाउँका कृषियोग्य जमिनहरूलाई तारबार लगाउने कार्य अन्तिम चरणमा पुगेकोछ । आगामी आर्थिक वर्षमा ती गाउँका जमीनहरूमा तारवार लगाउने कार्य पूरा हुनेछ ।

२२. मार्फा देखि धवान, याकखर्क, आलुवारीसम्मको कृषि सडक आगामी आर्थिक वर्षको शुरूका महीनाहरूमा पूरा हुनेछ । जसबाट आलुवारीमा रहेको कृषियोग्य जमीनमा खेती गर्न पुनः सुरूवात हुनेछ । यसबाट मार्फाका कृषकहरू लाभान्वित हुनेछन् । गाउँपालिका क्षेत्रमा रहेका साना सिचाईं, ढल निकास तथा बाटोघाटो निर्माणमा गाउँपालिकाले उच्च प्राथमिकता दिएर योजना तथा कार्यक्रमहरू कार्यान्वयन गरिरहेकोछ ।

२३. गाउँपालिकाको केन्द्र जोमसोम बजारमा मुस्ताङ जिल्ला अस्पताल छ । मार्फा र ठिनीमा स्वास्थ्य चौकीहरू रहेका छन् भने वाँकी गाउँहरू चिमाङ र स्याङमा हालसम्म सामुदायिक स्वास्थ्य इकाईहरू रहेकोमा चालू आर्थिक वर्षमा नै सङ्घीय सरकारको सहयोगमा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूको भवन निर्माण गर्ने कार्य शुरू भएकोछ । आगामी आर्थिक वर्षमा ती भवनको निर्माणकार्य पूरा हुनेछ र ती स्थानहरूमा समेत आधारभूत तहको स्वास्थ्य सेवा उपलब्ध हुनेछ । गाउँपालिका क्षेत्रका सबै स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य कर्मीहरूको दरबन्दी संख्याको आधारमा पदपूर्ति गरिएकोछ ।

२४. गाउँपालिकाको केन्द्रमा रहेको जनहित माध्यमिक विद्यालयलाई नमूना विद्यालयको सूचीमा सूचिकृत गरी नमूना विद्यालय निर्माणको आयोजना कार्यान्विनमा आएकोछ । आगामी १/२ वर्षमा यस परियोजना सम्पन्न हुनेछ भने उक्त विद्यालयमा प्राविधिक धार तर्फको इन्जिनियरिङको पढाई प्रारम्भ भएकोछ । सो विद्यालयलाई सुविधासम्पन्न बनाउन गाउँपालिकाको तर्फबाट विभिन्न योजना तथा कार्यक्रमहरू प्रस्ताव गरिएकोछ र ती आयोजनाहरू क्रमैसँग कार्यान्वयन भई रहेकाछन् ।

२५. जनहित माध्यमिक विद्यालयमा आगामी आर्थिक वर्षमा प्राविधिक धार तर्फको छुट्टै भवन निर्माण गर्ने कार्य प्रारम्भ हुनेछ ।

२६. गाउँपालिकाको अर्को माध्यमिक तहको विद्यालय जनवाल माध्यमिक विद्यालय, मार्फालाई भौतिक संरचनाले सुविधा सम्पन्न बनाउने योजनाको शुरूवात गर्न लागिएकोछ ।उत्तरी क्षेत्र पूर्वाधार विकास तथा जीवनस्तर सुधार कार्यक्रमका लागि उक्त विद्यालयलाई छनौट गरिएकोमा विद्यमान कोरोना महामारीको कारणबाट उक्त योजना चालू आर्थिक वर्षमा लागू हुन सकेन । दाता राष्ट्रबाट उक्त प्रस्ताव स्वीकृत भएको खण्डमा आगामी आर्थिक वर्षमा उक्त परियोजनाको लागि विस्तृत परियोजना प्रतिवेदन तयार भई योजना कार्यान्वयनमा आउनेछ । तत्पश्चात उक्त विद्यालयको सुविधासम्पन्न छात्रवास सहित पठनपाठन परिस्कृत हुँदै जानेछ ।

२७. गाउँपालिका क्षेत्रका सबै शैक्षिक संस्थाहरूमा पठनपाठन तथा भौतिक संरचनाहरूको सुधार गर्दै लानेमा गाउँपालिका दृढसंकल्पित छ ।

**अध्यक्ष महोदय**

२८. गाउँपालिका अन्तर्गतका सबै वडा कार्यालयहरूलाई प्रविधिमैत्री बनाईएकोछ । सबै वडा कार्यालयहरू समेत गाउँ कार्यपालिकाको कार्यालयमा छिटो गतिको इन्टरनेटको प्रवन्ध मिलाईएकोछ । गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरूमा स्वीकृत दरबन्दी बमोजिम कर्मचारीहरूको व्यवस्थापन भएकोछ । वडा कार्यालयहरूको पत्राचार तथा घटना दर्ताका सबै कामकारवाहीहरूलाई विद्युतीय माध्यमबाट गर्ने गरिएकोछ ।

२९. गाउँ कार्यपालिकाको कार्यालयले सबै तहका कार्यालयहरूबाट चिठीपत्र आदानप्रदान गर्दा पूर्ण रूपमा विद्युतीय प्रविधि अवलम्बन गरेकोछ । सेवाप्रवाह छिटो, छरितो र चुस्त बन्दै गईरहेकोछ । वडा कार्यालय व्यवस्थापनलाई क्रमैसँग परिस्कृत तथा सुधार्दै लगिएकोछ ।

३०. युवा क्लव तथा समाजघरहरूको भौतिक निर्माणमा उल्लेख्य योगदान गरिएकोछ । वडा नं. ३ स्याङमा आकर्षक झोनाघाङ पार्कको निर्माण कार्य अन्तिम चरणमा पुगेकोछ । आगामी आर्थिक वर्षमा सो पार्कको निर्माण कार्य पूरा हुनेछ र त्यसको आकर्षणले पर्यटक आवागमनमा वृद्धि हुने अपेक्षा लिएकोछु ।

३१. ढुम्बा ताल व्यवस्थापनलाई गाउँपालिकाको गौरवको आयोजनामा सूचिकृत गरी कार्यक्रमहरू अघि बढाइरहेकोछ । उक्त तालको व्यवस्थापनको लागि अघिल्ला वर्षहरू जस्तै चालू आर्थिक वर्षमा पनि ताल क्षेत्रमा भौतिक निर्माण गर्ने कार्यलाई निरन्तरता दिइएकोछ । सङ्घीय तथा गण्डकी प्रदेश सरकार समेतको सहलगानीमा आगामी वर्षहरूमा समेत ती योजनाहरूलाई निरन्तरता दिइनेछ ।

३२. गाउँपालिका क्षेत्रका सबै दलित तथा विपन्न घरपरिवारमा निशुल्क सौर्य ऊर्जा जडान गर्ने कार्य यसै आर्थिक वर्षको अन्त्यसम्ममा पूरा हुनेछ भने क्रमैसँग अन्य घरपरिवारहरूमा समेत सो ऊर्जा प्रणाली जडान गरिनेछ । यसबाट विद्यूतको विकल्प स्थापना हुनेछ ।

३३. यसै गाउँपालिका अन्तर्गत स्याङमा उद्योग ग्राम स्थापना गर्नको लागि कार्यालयको तर्फबाट सबै दस्तावेजहरू तयार गरी सम्बन्धित निकायहरूमा पठाइएकोछ । आगामी आर्थिक वर्षमा यसको सम्भाव्यता अध्ययन गाउँपालिकाको तर्फबाट गरी उद्योग ग्राम स्थापनाका लागि

भौतिक निर्माण कार्य प्रारम्भ हुनेछ । उद्योग ग्रामको स्थापना पश्चात मुस्ताङ जिल्लाकै साना उद्योगी लाभान्वित हुनेछन् भने रोजगारीको अवसरहरू समेत वृद्धि हुनेछन् ।

३४. तीनै तहका सरकारहरूको सहलगानीमा यस गाउँपालिकाको वडा नं. ४ जोमसोममा सुविधासम्पन्न इन्डोर खेलकूद हल निर्माण गर्ने कार्यको थालनी यसै आर्थिक वर्षबाट प्रारम्भ भएकोछ । आगामी आर्थिक वर्षहरूमा समेत यस आयोजनाले निरन्तरता पाउनेछ र केही वर्षमै उक्त परियोजना पूरा गर्ने लक्ष्य गाउँपालिकाले लिएकोछ । चालू आर्थिक वर्षमा उक्त खेलकूद हलको निर्माणको लागि गाउँपालिकाले करीब १ करोड बराबरको निर्माणकार्यको व्यवस्थापन मिलाएकोछ ।

३५. गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य थालनी गरिएकोछ । आगामी दुई आर्थिक वर्षमा यो भवनको निर्माण कार्य पूरा भई सोही भवनबाट प्रशासनिक काम कारवाही प्रारम्भ हुनेछ । जसबाट सेवाप्रवाह अझै प्रभावकारी र चुस्त दुरुस्त हुनेछ भने गाउँपालिकाको प्रशासनिक भवन सँगै बहुउद्देश्यीय सभाहल निर्माणको कार्य समेत द्रुतगतिमा भईरहेकोछ ।

**<u>अध्यक्ष महोदय</u>**

३६. हामीले गाउँपालिकाको नेतृत्व समालेपछाडि केही उल्लेख्य ठूला आयोजनाहरूको निर्माण कार्य प्रारम्भ गरेकाछौं । यी ठूला स्केलका आयोजनाहरूले पक्कै पनि दूरगामी प्रभाव छाड्नेछ भन्नेमा म विश्वस्त छु । जोमसोम स्थित सशस्त्र प्रहरी बलको नं. ३३ गुल्मको कार्यालय देखि कालीगण्डकी नदीको पक्की पुलसम्म दुवैतर्फ कालीगण्डकी नदीमा पक्की तटबन्धन गर्ने कार्य प्रारम्भ भईसकेकोछ । यस तटबन्धनको निर्माण कार्य आगामी आर्थिक वर्षमा पूरा हुनेछ । यसबाट जोमसोम बजारमा नदी कटानबाट हुने क्षति न्यूनीकरण हुनेछ भने तटबन्धनको दायाँ वायाँ सयौं रोपनी खेतियोग्य जमिन निस्कनेछ । यस तटबन्धनलाई गण्डकी प्रदेशकै अनुकरणीय बनाउन गाउँपालिका लागीपरेकोछ ।

३७. जोमसोम बजारकै नजिकै हाल गाउँ कार्यपालिकाको कार्यालय रहेको स्थान नजिकैदेखि जोमसोम भ्यूटावर जाने सुविधासम्पन्न पदमार्ग बनाउने कार्य पनि यसै आर्थिक वर्षदेखि प्रारम्भ भएकोछ । यो परियोजना पनि आगामी आर्थिक वर्षमा पूरा हुनेछ र पर्यटकहरूको जोमसोम बसाई यस परियोजनाले कम्तिमा एक दिन बढाउनेछ ।

३८. देशकै लागि नौलो मिनी मुस्ताङ पार्कको विस्तृत परियोजना प्रतिवेदन तयार गरी गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको उपस्थितिमा सो प्रतिवेदनको प्रस्तुति समेत गरी हाल सबै

तहका सरकारहरूको सहलगानीमा सो परियोजनको निर्माण कार्य यसै आर्थिक वर्षबाटै प्रारम्भ गरिएकोछ ।

३९. मिनी मुस्ताङ पार्कको निर्माण पश्चात मुस्ताङ जिल्लाका मुख्य मुख्य धार्मिक तथा पुरातात्विक महत्त्वका धरोहरहरूको सूक्ष्म रूप यस गाउँपालिकाको केन्द्र जोमसोम बजारमै अवलोकन गर्ने अनौठो अवसर उपलब्ध हुनेछ । यस परियोजनाले मुस्ताङ जिल्लामा पर्यटकहरूको आगमनमा उल्लेख्य बढोत्तरी हुनेछ भने पर्यटकहरूको मुस्ताङ बसाईलाई समेत लम्ब्याउनेछ । मुस्ताङका महत्त्वपूर्ण धरोहरहरूको सूक्ष्म रूप जोमसोममा नै अवलोकन गरेपश्चात पर्यटकहरू वास्तविक धरोहरहरूको अवलोकन भ्रमणमा समेत आकर्षित हुनेछन् र घरपझोङ गाउँपालिका तथा अन्य सबै गाउँपालिकाहरूमा पर्यटकहरूको आवागमनमा उल्लेख्य रूपमा बढोत्तरी हुनेछ । यो परियोजना निश्चय पनि ठूलो लगानीको र चुनौतिपूर्ण रहेतापनि असम्भव भने छैन ।

४०. मुस्ताङ जिल्लाको एकमात्र बहुमुखी क्याम्पसको रूपमा तेज निराला जनहित क्याम्पस रहेकोछ । यस क्याम्पसको भौतिक निर्माणमा गाउँपालिका जुटिरहेकोछ । जिल्लाकै एकमात्र क्याम्पसको भौतिक तथा शैक्षिक गुणस्तर सुधारमा मुस्ताङका सबै स्थानीय तहरुको ध्यान जानु जरूरी छ । आगामी आर्थिक वर्षमा यस क्याम्पसका लागि सङ्घीय विशेष अनुदानबाट क्याम्पस भवनको निर्माण कार्य शुरू गरिनेछ । आगामी आर्थिक वर्षका लागि यस क्याम्पसको भौतिक निर्माणमा रू. १ करोड ५० लाख बजेट विनियोजन गरिएकोछ ।

४१. जोमसोम- ठिनी- छैरो- मार्फा चक्रपथको प्रारम्भिक कार्य यसै गाउँपालिकाले शुरू गरेको हो । अहिले यस चक्रपथको निर्माणकार्य प्रदेश सरकारको सहयोगमा जारी रहेकोछ । यस सडकको निर्माण निर्धारित समयमानै पूरा गराउनेतर्फ गाउँपालिका लागीरहनेछ । यो सडकको निर्माणले जोससोम, ठिनी, छैरो, चिमाङ र मार्फाका जनताहरूको भावनात्मक एकता बलियो बनाउनेछ र भौगोलिक दूरीलाई कम गरी आवागमनलाई सहजता गराउनेछ । ढुवानी पैठारी कार्यलाई सर्वसुलभ बनाउनेछ । यसै चक्रपथको मुख्य हिस्सा मार्फा छैरो जोड्ने पक्की पुलको निर्माणकार्यलाई यथासम्भव छिटो पूरा गर्न गाउँपालिकाले परिणामुखी पहल गर्नेछ ।

४२. माथि उल्लिखित चक्रपथमा पर्ने ढुम्बाखोला र ठिनीखोलामा मोटरेवल पुल निर्माणका लागि गाउँपालिकाले आगामी आर्थिक वर्षमा गण्डकी प्रदेश सरकार र नेपाल सरकारसँग

समन्वयात्मक रुपमा कार्य गर्नेछ । परिणामस्वरूप ती स्थानहरूमा पक्की पुल निर्माण भई स्थानीय जनता प्रत्यक्ष रूपमा लाभान्वित भई उत्पादन र उत्पादकत्व बृद्धि हुनेछ ।

**<u>अध्यक्ष महोदय तथा सभाका सदस्यज्यूहरू</u>**

४३. आजको युग भनेको सूचना प्रविधिको युग हो । नेपालको संविधानले सबै नेपाली नागरिकहरूको लागि सूचनाको हक प्रत्याभूत गरेकोछ । आजको दिनमा मुस्ताङ जिल्लाबाट प्रकाशन हुने विद्युतीय समाचारपत्र (News Portal) नरहेको अवस्था छ । यसै रिक्ततालाई पूरा गर्न गाउँपालिकाले एक न्यूज पोर्टल mustangkhabar.com को निर्माण गरेकोछ । यस न्यूज पोर्टल हाल ट्रायल भर्जन demo.mustangkhabar.com मा रहेकोछ । केही कानूनी तथा प्रकाशकीय प्रकृयाहरू पूरा गरी आगामी आर्थिक वर्षको शुरूबाटै यसको नियमित प्रकाशन प्रारम्भ हुनेछ । यसको प्रकाशन पश्चात मुस्ताङ जिल्लाका सबै महत्त्वपूर्ण घटनाहरूलाई देशविदेशबाट जानकारी तथा अवलोकन गर्ने अवसर उपलब्ध हुनेछ ।

४४. जोमसोममा रहेका सबै होटलहरूलाई विद्यूतीय सञ्जाल (Networking) मा आवद्ध गर्ने कार्य अन्तिम चरणमा पुगेकोछ । सबै होटलहरूको संक्षिप्त परिचय सहित एक छुट्टै वेभसाइट निर्माण कार्य पूरा हुने क्रममा रहेकोछ । आउँदो आर्थिक वर्षको शुरूवाती महीनासँगै जोमसोम भ्रमण गर्ने सबै आगन्तुक तथा पर्यटकहरूले ऊनीहरूको रोजाईको होटल ऊनीहरूकै घरठेगानाबाट अग्रीम बुकीङ गरी आउनसक्ने प्रवन्धको सुनिश्चितता हुनेछ । यस कार्यबाट दुबैपक्षः होटल व्यवसायी तथा पर्यटकहरू लाभान्वित हुनेछन् ।

४५. गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरूमा हुने राजस्व संकलन कार्यलाई अझै व्यवस्थित बनाउनको लागि राजस्व संकलन सफ्टवेयर सबै वडा कार्यालय तथा गाउँ कार्यपालिकाको कार्यालयमा जडान गरिसकिएकोछ । यस सफ्टवेयरको मद्दतले कार्यालयमा कार्यरत कर्मचारीहरूलाई कार्यसञ्चालनमा चुस्तता बढाउनुको साथै आम्दानी तथा खर्च सम्बन्धी प्रतिवेदन कार्यलाई समेत सहजता पैदा हुनेछ ।

४६. गाउँपालिकाको मुख्य प्रशासनिक कार्यालयमा लेखा व्यवस्थापन सम्बन्धी सफ्टवेयर SuTRA को प्रयोग भने विगतका आर्थिक वर्षहरूबाटै शुरू गरी यद्यपी सुचारू भईरहेकोछ । यस सफ्टवेयरको प्रयोगले गर्दा सबै आर्थिक कारोबारहरूको लेखांकन नेपाल सरकारले तय गरेको प्रणालीमा सञ्चालन हुनुको साथै सङ्घीय तथा प्रदेश सरकारका निकायहरूले उक्त

प्रणालीबाटै यस गाउँपालिकाको आम्दानी तथा खर्च सम्बन्धी विवरणहरू प्राप्त गर्न सहजता भईरहेकोछ ।

४७. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रत्येक वडाहरूका साना साना विकास निर्माणका कार्यहरू भईरहेका छन् । यसबाट एकातिर विकास निर्माणका कार्यहरू भएका छन् भने अर्कोतर्फ वेरोजगार युवा जमातलाई कम्तिमा पनि न्यूनतम् रोजगारीका अवसरहरू प्राप्त भईरहेका छन् । आगामी आर्थिक वर्षमा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझै परिस्कृत गरी स्थानीय जनतालाई रोजगारी बढाउनुको साथै सीप विकासका अवसरहरू प्रदान गरिनेछ ।सीप विकास गर्दै जाँदा स्थानीय जनता स्वरोजगार उन्मुख बन्नेछन् । आगामी आर्थिक वर्षमा कूल ५२ लाख ३ हजार बजेटको प्रधानमन्त्री रोजगार कार्यक्रम लागू गरिनेछ ।

**<u>अध्यक्ष महोदय,</u>**

४८. अव म आगामी आर्थिक वर्षका लागि गाउँपालिकाले तयार गरेको वार्षिक बजेटको संक्षिप्त प्रारूप पेश गर्ने अनुमति चाहन्छु ।

४९. आगामी आर्थिक वर्ष २०७७|७८ को वार्षिक बजेट तयार गर्दा प्रचलित कानूनहरूले निर्दिष्ट गरेबमोजिमका सबै प्रकृयाहरूको अवलम्बन गरिएकोछ । वस्तिस्तरबाट संकलित योजनाहरूलाई विषयगत समितिहरुमा छलफल गरी बजेट तथा कार्यक्रम तर्जूमा समिति मार्फत् कार्यपालिकामा पेश गरी कार्यपालिकाको निर्णय बमोजिम आजको यस सभामा पेश गर्ने व्यवस्था मिलाएकोछु ।

५०. आगामी आर्थिक वर्षका लागि वार्षिक बजेटका मुख्यतया देहाय बमोजिमका उद्देश्यहरू किटान गरेकोछु ।

क) विद्यमान कोरोना महामारीको संक्रमणलाई न्यूनीकरण गर्ने एवम् उक्त कार्यको लागि श्रोतको सुनिश्चतता गर्ने ।

ख) पुराना र अधुरा आयोजनाहरूलाई प्राथमिकता दिने ।

ग) गाउँपालिकाका गौरवका आयोजनाहरूमा श्रोतको विनियोजन गर्ने ।

घ) गरीबी न्यूनीकरणलाई टेवा पुर्याउने योजना तथा कार्यक्रमको छनौट गर्ने ।

ङ) विकास निर्माणमा भौगोलिक समानता र समता कायम गर्ने ।

च) बस्तिस्तरबाट छनौट भई आएका आयोजनाहरूलाई प्राथमिकता दिने ।

छ) जनसहभागिता अभिवृद्धि गराउन सकिने आयोजनाहरू छनौट गर्ने ।

ज) सहभागितामूलक योजना निर्माण प्रकृयालाई प्रश्रय गर्ने ।

झ) जनचाहना बमोजिमका आयोजनाहरू छनौट गर्ने ।

ञ) आयोजना निर्माणसँग सम्बन्धित सबै विषयक्षेत्रहरूमा बजेट विनियोजन गर्ने ।

ट) कालीगण्डकी तटबन्धनलाई उच्च प्राथमिकतामा राख्ने ।

ठ) पर्यटन प्रवर्धनमा जोड दिने ।

ड) समावेशी र समन्यायीक विकास प्रयासलाई प्रश्रय दिने ।

ढ) रोजगारी उन्मूख आयोजनाहरूको छनौटमा जोड दिने ।

ण) श्रोत र साधनको अधिकतम् उपयोग गर्ने र प्रभावकारी रूपमा कार्यान्वयन हुन सक्ने योजनाको छनौटमा जोड दिने ।

५१. आगामी आर्थिक वर्षको बजेट मुख्य रूपमा देहायका दस्तावेज समेतको आधारमा तयार पारेकोछु ।

क) नेपालको संविधान

ख) नेपाल सरकारले तयार पारेको चालू आवधिक योजना

ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

घ) दीगो विकास लक्ष्यहरू

ङ) गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम

च) सङ्घीय सरकार तथा अन्तर्गतका निकायहरूबाट बेला बेलामा भएका निर्देशन, दिग्दर्शन, परिपत्र तथा कार्यविधि

छ) गण्डकी प्रदेश सरकारको आवधिक योजना तथा सो सरकारका निकायहरूबाट भएका परिपत्र, निर्देशन तथा कार्यविधि

ज) मुस्ताङ जिल्लाबाट प्रतिनिधी सभा तथा गण्डकी प्रदेश सभामा प्रतिनिधित्व गर्नुहुने माननीय सांसद्ज्यूहरूका सल्लाहसुझावहरू

झ) गाउँ कार्यपालिकाबाट भएका निर्णयहरू

ञ) योजना छनौटको क्रममा वस्तीस्तरबाट सिफारिस भई आएका योजना तथा कार्यक्रमहरूको विवरण

ट) राजस्व परामर्श समिति तथा विषयगत समितिहरूबाट भएका निर्णयहरू

ठ) अन्य सान्दर्भिक विषयहरू ।

**आर्थिक विकास**

५२. यस गाउँपालिकाको मुख्य आर्थिक उपार्जन गर्ने क्षेत्र भनेको कृषि, पशुपालन तथा पर्यटन क्षेत्र नै हो । आगामी आर्थिक वर्षमा कृषि तथा पर्यटन क्षेत्रको प्रवर्धनका लागि विशेष योजना तथा कार्यक्रमहरू प्रस्ताव गरेकोछु । छैरो सिंचाई योजना विस्तारको कामलाई निरन्तरता दिएकोछु । विभिन्न वडाहरूमा सामूहिक वाखापालन कार्यक्रमलाई बजेट व्यवस्था गरेकोछु । ती कार्यक्रमहरूबाट मूलतः दलित तथा विपन्न तथा फरक क्षमता भएका घरपरिवारका सदस्यहरू लाभान्वित हुनेगरी कार्यक्रम तथा बजेट व्यवस्था गरेकोछु । मार्फा कृषि सहकारी संस्था लिमिटेडको अधुरो कृषि उपज संकलन केन्द्र निर्माणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएकोछु ।

५३. वडा नं. ३ स्याङमा निर्माणधिन झोनाघाङ पार्कको निर्माणकार्य आगामी आर्थिक वर्षमा पूरा गर्नेगरी बजेट व्यवस्था गरेकोछु । जोमसोम तथा ठिनी खेतमा तारबार लगाउने कार्य आगामी आर्थिक वर्षमा सम्पन्न हुनेगरी बजेटको व्यवस्था मिलाएकोछु । यी कार्यबाट उत्पादित कृषि उपजहरूको संरक्षण तथा संवर्द्धन भई सम्बन्धित वडाका कृषकहरू लाभान्वित हुने विश्वास लिएकोछु । आगामी आर्थिक वर्षमा प्रत्येक वडामा कृषि तथा पशु व्यवसायी लाभान्वित हुनेगरी विभिन्न कार्यक्रमहरूको प्रस्ताव गरेकोछु । यसका अलावा कृषि क्षेत्रको लागि थप छुट्टै कार्यपालिकाबाट पछि कार्यक्रम तय हुनेगरी हालका लागि रू. २६ लाख ४४ हजार बजेटको व्यवस्था मिलाएकोछु भने पशुसेवा क्षेत्रका लागि सशर्त अनुदानका कार्यक्रमका अलावा आवश्यकतामा आधारित कार्यक्रम छनौट गर्न थप रू. ५ लाख बजेट व्यवस्था गरेकोछु । सङ्घीय सरकारबाट सशर्त अनुदानतर्फ प्राप्त हुने कृषि तर्फका कार्यक्रमहरूलाई यथावत प्रस्ताव गरेकोछु ।

५४. आगामी आर्थिक वर्ष नेपाल सरकारको एवम् गण्डकी प्रदेश सरकारको आवधिक योजनासँग तादाम्यता कायम हुनेगरी यस गाउँपालिकाको आवधिक योजनाको निर्माण सम्पन्न गरिनेछ । यस कार्यमा प्रदेश सरकारबाट प्राविधिक तथा आर्थिक सहयोग समेत प्राप्त हुनेछ । यी सबै कार्यको लागि गाउँपालिकाको तर्फबाट रू. १५ लाख बजेट व्यवस्था गरेकोछु ।

५५. यस गाउँपालिकाको गौरवको आयोजना मिनी मुस्ताङ पार्कको लागि रू १ करोड बजेट विनियोजन गरेकोछु । यो रकम गाउँपालिकाको तर्फबाट प्रस्ताव गरिएको हो । यस

योजनालाई सङ्घ सरकार तथा प्रदेश सरकारबाट समेत बजेट विनियोजन गराउनको लागि विशेष पहल गरिनेछ ।

५६. आगामी आर्थिक वर्षका लागि समपूरक योजनाहरू कार्यान्वयन गर्न रू ७५ लाख बजेट विनियोजन गरेकोछु । यसबाट प्रदेश सरकार तथा सङ्घीय सरकारबाट आउने समपूरक आयोजनाहरू कार्यान्वयन गर्ने व्यवस्था मिलाएकोछु ।

५७. विपद् व्यवस्थापन समेत अन्य कोषहरुको लाग रू. २५ लाख बजेट प्रस्ताव गरेकोछु । यसबाट गाउँपालिका अन्तर्गत रहेका विभिन्न कोषहरू व्यवस्थित हुनेछन्

५८. आर्थिक विकासतर्फ आगामी आर्थिक वर्षका लागि यस गाउँपालिकाको तर्फबाट कूल बजेट रू. ३ करोड ६४ लाख ६९ हजार विनियोजन गर्ने प्रवन्ध मिलाएकोछु ।

**अध्यक्ष महोदय**

अब म पूर्वाधार विकास तर्फका योजना तथा कार्यक्रमको विषयमा बजेट पेश गर्न चाहन्छु ।

**पूर्वाधार विकास**

५९. पूर्वाधार विकास तर्फ आगामी आर्थिक वर्षमा चिमाङ इन्डोर ताराखेल खेलमैदानको निर्माणकार्य पूरा गर्नेगरी बजेटको व्यवस्था मिलाएकोछु । छैरो आमा समूह भवनको छत ढलान, मार्फा गाउँभित्र विद्यूत प्रशारण लाईन अण्डर ग्राउण्ड गर्ने, मार्फामा कालीगण्डकी तटबन्धन गर्ने, वडा नं. ३ पुल्चोक क्षेत्रमा तटबन्धन योजना समेतका लागि आवश्यक बजेटको व्यवस्था मिलाएकोछु । जनहित क्लवको पुस्तकालय भवन निर्माण तथा ठिनी खेल मैदान, ढुम्बा सम्ले गाउँ सिचाईं कूलो निर्माण तथा ढल निर्माण समेतका लागि आगामी आर्थिक वर्षमा बजेटको प्रस्ताव गरेकोछु ।

६०. गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्नको लागि रू १ करोड बजेटको प्रवन्ध मिलाएकोछु । गण्डकी प्रदेश सरकारबाट समपूरक अनुदान मार्फत् सोही प्रशासनिक भवन निर्माणका लागि रू ५० लाख बजेटको प्रवन्ध मिलाइएकोछ। प्रदेश समपूरक अनुदान अन्तर्गत नै चालू आर्थिक वर्षमा नै ठेक्कापट्टा सम्पन्न भएको मार्फा याकखर्क कृषि सडक निर्माणमा आगामी आर्थिक वर्षमा भुक्तानी व्यवस्थापन गर्न रू ५० लाख बजेटको प्रवन्ध मिलाएकोछु ।

६१. यी र यस्तै योजनाहरूमध्ये आगामी आर्थिक वर्षमा पूर्वाधार विकास तर्फका योजना तथा कार्यक्रमहरूको लागि कूल ३ करोड ५१ लाख बजेट प्रस्ताव गरेकोछु ।

**सामाजिक विकास**

६२. कोरोना महामारीले अहिले विश्व समुदाय नै आक्रान्त भईरहेकोछ । यस महामारीको त्रासदी यस गाउँपालिका क्षेत्रमा पनि रहेकोछ । आजका दिनसम्म यस गाउँपालिका समेत सिङ्गो मुस्ताङ जिल्लामा १ जनामा संक्रमण पुष्टी भएको छ । आगामी आर्थिक वर्षका लागि यस महामारीको थप संक्रमण हुन नदिन तथा अन्य राहत तथा उद्धार तथा क्वारेण्टीन तथा आइसोलेसन निर्माण तथा व्यवस्थापनका लागि आवश्यक खर्चको न्यूनता नहोस भनेर कोरोना रोकथाम तथा न्यूनीकरण, राहत तथा उद्धार समेतका लागि रू २५ लाख थप बजेटको व्यवस्था गरेकोछु ।

६३. शिक्षातर्फ सङ्घीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरूलाई यथावत राखी थप परीक्षा व्यवस्थापन, साथी दौतरी शिक्षा कार्यक्रम, पढाई उत्सव, विद्यालय छापामय कार्यक्रम, खेलकूद तथा अतिरिक्त क्रियाकलाप, वाल विकास शिक्षक तलब थप प्रोत्साहन, उत्कृष्ठ शिक्षक तथा विद्यालय पुरस्कार, युवा लक्षित थप कार्यक्रम, कम्प्यूटर शिक्षा तालीम समेतका कार्यक्रमहरूमा बजेट विनियोजन गरेकोछु । गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरूमा आवश्यक पर्ने थप पाठ्यपुस्तक निर्माण तथा खरीदका लागि आवश्यक पर्ने बजेट गाउँपालिकाको तर्फबाटै बेहोर्ने गरी कार्यक्रम तय गरेकोछु ।

६४. आगामी आर्थिक वर्षमा चालू आर्थिक वर्षकै जस्तै जनहित माध्यमिक विद्यालयलाई नमूना विद्यालय बनाउनको लागि सङ्घीय सरकारबाट सशर्त अनुदान प्राप्त हुनेछ भने प्रदेश सरकारबाट प्राविधिक धार तर्फ भवन निर्माण कार्यको लागि रू ५० लाख रकम प्राप्त हुनेगरी कार्यक्रम तय गरेकोछु ।

६५. स्वास्थतर्फ आगामी आर्थिक वर्षमा चिमाङ र स्याङको आधारभूत स्वास्थ्य केन्द्रहरूको भवन निर्माण कार्य सम्पन्न गरिनेछ । आगामी आर्थिक वर्षको शुरू महीना साउनबाटै लागू हुनेगरी ती केन्द्रमा उपयुक्त स्वास्थ्य जनशक्ति तथा औजार तथा स्वास्थ्य सामग्री एवम् औषधीको व्यवस्था गरी नियमित रूपमा सञ्चालन गर्नेगरी सबै तयारी पूरा गरिसकेकोछु । साउन महीनाको शुरूबाटै ती स्वास्थ्य इकाईहरूबाट सेवाप्रवाह प्रारम्भ हुनेछ ।

६६. जोमसोम स्वास्थ्य चौकी, ठिनी तथा मार्फा स्वास्थ्य चौकी, मार्फाका लागि अत्यावश्यक भौतिक निर्माण तथा औषधी तथा औजार खरीद गर्ने तथा अन्य आवश्यक कार्यका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएकोछु । पूर्ण संस्थागत सुत्केरी तथा सुनौला १००० दिन कार्यक्रम कार्यान्वयन, मुस्ताङ अस्पतालमा फार्मेसी सञ्चालन गर्न कर्मचारीको व्यवस्था, मुस्ताङ सामुदायिक दन्तसेवा केन्द्रलाई दन्त चिकित्सक वापत अनुदान, गाउँघर क्लिनिक फर्निचर व्यवस्था, दलीत तथा विपन्नहरूको स्वास्थ्य उपचारको लागि आर्थिक सुविधा समेतका लागि गाउँपालिकाको तर्फबाट सशर्त अनुदानका अलावा छुट्टै थप बजेटको व्यवस्था मिलाएकोछु ।

६७. महिला संस्था समिति तथा आमा समूह व्यवस्थापन, लैंगीक हिंसा निवारण कोष, महीलाहरूको सीप क्षमता अभिवृद्धिका लागि तालीमहरू, विभिन्न दिवसहरू सञ्चालन खर्च, वालवालिकाहरू, जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरू लाभान्वित हुनेगरी चालू आर्थिक वर्षका कार्यक्रमहरूलाई निरन्तरता दिँदै सो क्षेत्रका लागि थप कार्यक्रमहरू प्रस्ताव गरी आवश्यक बजेट विनियोजन गरेकोछु ।

६८. आगामी आर्थिक वर्षका लागि सामाजिक विकास तर्फ सङ्घीय विशेष अनुदान समेत कूल ३ करोड १ लाख बजेटको व्यवस्था मिलाएकोछु ।

**वातारण तथा विपद् व्यवस्थापन**

६९. यस गाउँपालिका नदीजन्य कटानको उच्च जोखिममा रहेको स्थानीय तह हो । हालसम्म कालीगण्डकी तथा अन्य खोलाहरूको कटानबाट सैयौं रोपनी खेतियोग्य जमीन बगरमा परिणत भएकोछ । यसै कुरालाई मध्यनजर गरी गाउँपालिकाले नदीजन्य कटानबाट हुने क्षति न्यूनीकरण गर्न तटबन्धनको कार्यलाई पहिलो प्राथमिकतामा राखेकोछु । सशस्त्र प्रहरी बलको नं. ३३ गुल्मको कार्यालय देखि कालीगण्डकी नदीमा रहेको पक्की पुलसम्म दोहोरो तटबन्धन गर्न सङ्घीय सरकारको सहयोगमा कालीगण्डकी तटबन्धन कार्य प्रारम्भ भएकोछ । आगामी आर्थिक वर्षको अन्त्यसम्ममा यो परियोजना पूरा गर्ने लक्ष्य सहित काम धमाधम भईरहेकोछ । आगामी आर्थिक वर्षमा यस परियोजनाका लागि थप रू ३ करोड बजेट सङ्घीय सरकारबाट स्वीकृत भई आएकोछ । चालू आर्थिक वर्ष र आगामी आर्थिक वर्षमा यस योजनाको लागि कूल बजेट करीब रू. १० करोड खर्च हुनेछ र यो खर्चका लागि सङ्घीय सरकारको सहयोगमा श्रोतको सुनिश्चितता भईसकेकोछ ।

७०. आगामी आर्थिक वर्षमा सम्ले गाउँ संरक्षण पहिरो नियन्त्रण तथा ल्हेकोथाङदेखि स्याङ पुलसम्म कालीगण्डकी नदी नियन्त्रणका लागि बजेट विनियोजन गरेकोछु । जोमसोममा कालीगण्डकी नदी नियन्त्रणका लागि बजेट व्यवस्था गरेकोछु । स्याङ खोलामा तटबन्धन, वडा नं. ३ कै शिवमन्दिर नजिक भलपानी नियन्त्रण, मार्फा बस्ति पछाडी ढल निकास तथा वृक्षारोपण योजना, मार्फा फोहरमैला संकलन केन्द्र निर्माण, छैरो क्याम्पदेखि छैरो पुलसम्म कालीगण्डकी तटबन्धन, छैरो छहरा गुम्बा मर्मत एवम् गाउँपालिका स्तरीय फोहरमैला व्यवस्थापन तालीमका लागि आवश्यक बजेटको प्रवन्ध मिलाएकोछु ।

७१. मुस्ताङ जिल्लामै आजको दिनसम्म पनि शबबाहन नभएकाले अनेकन कठिनाई भईरहेको अवस्थामा आगामी आर्थिक वर्षमा गाउँपालिकाले एक शबबाहन खरीद गरी अन्य निकायलाई व्यवस्थापनको जिम्मेवारी सहित हस्तान्तरण गर्नेछ । यसको लागि १५ लाख बजेट व्यवस्था गरेकोछु । यो समेत यस्तै विनियोजन विधेयकमा सूचिकृत वातावरण तथा विपद् व्यवस्थापन तर्फका योजना तथा कार्यक्रमहरूको लागि सङ्घीय विशेष अनुदान समेत कूल बजेट रू. ३ करोड ७६ लाख ५० हजार प्रस्ताव गरेकोछु ।

**अध्यक्ष महोदय र सभाका सदस्यज्यूहरू**

बार्षिक विकास योजना प्रस्तुतिकरणको अवको चरणमा म सुशासन तथा संस्थागत विकास तर्फका योजना तथा कार्यक्रमहरूको विषयमा प्रकाश पार्ने अनुमति चाहन्छु ।

**सुशासन तथा संस्थागत विकास योजना**

७२. कुनैपनि निकायको सफलता त्यसमा संलग्न मानवश्रोतमा निर्भर गर्नेमा दुईमत रहँदैन । विकासका आयामहरू मध्ये मानवश्रोतको विकास पनि एक आयाम हो । यिनै मानव जनशक्तिहरूको क्षमता अभिवृद्धि तथा प्रविधिमैत्री विकासका लागि आगामी आर्थिक वर्षका लागि विभिन्न कार्यक्रमहरूको प्रस्ताव गरेकोछु ।

७३. आउँदो आर्थिक वर्षदेखि गाउँपालिकाले कार्यान्वयन गर्ने योजना तथा कार्यक्रमहरू योजना व्यवस्थापन सफ्टवेयरबाट व्यवस्थित गरिनेछ । उपभोक्ता प्रशिक्षण कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिएकोछु । कर्मचारी क्षमता अभिबृद्धि कार्यक्रम, युवाहरूको लागि लोकसेवा तयारी कार्यक्रम, पत्रकारिता सम्बन्धी तालीम, सहकारी व्यवस्थापन तालीम, गाउँपालिका स्तरीय उद्घोषण तथा भाषणकला तालीम, कानूनी साक्षरता तालीम समेतका लागि आवश्यक बजेटको विनियोजन गरेकोछु ।

७४. त्यस्तैगरी, मेलमिलापकर्ता तालीम, घरपझोङ गाउँपालिकाको बस्तुस्थिति सहितको अद्यावधिक विवरण प्रकाशन (Gharapjhong Facts Publication), न्यायीक समिति व्यवस्थापन खर्च, गाउँपालिका भरीका सबै सडकवत्तीहरूको महसुल खर्च, होमस्टे व्यवस्थापन तथा सञ्चालन सम्बन्धी तालीम तथा वडा कार्यालयहरूमा हटरूम बनाउनको लागि आवश्यक बजेटको प्रवन्ध मिलाएकोछु ।

७५. अतिरिक्त समयमा काम गरे वापत कर्मचारी प्रोत्साहनभत्ता तथा पदाधिकारीहरूको सुविधाका लागि बजेटको प्रस्ताव गरेकोछु । कोरोना महामारीको न्यूनीकरण राहत तथा उद्धारमा खटिएका कर्मचारीरूलाई जोखिम भत्ता प्रस्ताव गरेकोछु । कोभिड १९ का लागि गाउँपालिकाको तर्फबाट सबै कर्मचारी तथा पदाधिकारीहरुको वीमा गर्ने कार्यलाई अगाडि बढाउने गरी प्रकृया मिलाएकोछु । यी सबै कार्यहरूले पदाधिकारी तथा कर्मचारीहरूको मनोबल उच्च भई कार्यसम्पादनको स्तर अभिवृद्धि हुनेछ र जनसन्तुष्टीको स्तर बढ्नेछ ।

७६. मुस्ताङ जिल्लाभित्रका सबै पाँच वटै गाउँपालिकाहरूको पारस्परिक तथा समन्वयात्मक विकासले मात्र मुस्ताङ जिल्लाको समग्र विकास सम्भव हुनेहो । यसै विषयलाई हृदयंगम गरी आगामी आर्थिक वर्षदेखि मुस्ताङ जिल्लाका सबै स्थानीय तहहरूको पारस्परिक सहयोग, समन्वय तथा अनुभव आदानप्रदान गर्ने हेतूले अन्तरपालिका परिषद् बैठकको आयोजना गर्न यस गाउँपालिकाले अग्रसरता लिनेछ । यस्तो बैठक प्रत्येक गाउँपालिकाहरूको व्यवस्थापनमा तत् तत् गाउँपालिकामा आयोजना हुनेछ । यसले गर्दा मुस्ताङ जिल्लाको सन्तुलित तथा व्यवस्थित विकास प्रयासमा एक पहलकदमी हुनेछ । यस परिषद्को सफल अभ्यास हुनसकेमा अन्य जिल्लाहरूका लागि समेत अनुकरणीय कार्य हुनेछ । यी र यस्तै कार्यक्रमहरूका लागि समग्र सुशासन तथा संस्थागत विकास योजनातर्फ कूल ५० लाख बजेटको व्यवस्था गरेकोछु ।

७७. विश्व महामारीको रूपमा संक्रमण फैलिंदै गईरहेको कोरोना भाइरसको सम्भावित संक्रमणको परिमाण अहिले पूर्वानुमान गर्नसक्ने अवस्था छैन । कथमकदाचित यो महामारीको संक्रमणले प्रस्तावित बजेट तथा उपलब्ध अन्य श्रोतले नपुगेका आगामी आर्थिक वर्षका कुनैपनि योजना तथा कार्यक्रमहरूलाई कार्यपालिकाको निर्णयबाट बजेटको शीर्षक संशोधन गर्न सक्ने गरी विनियोजन विधेयक तयार पारेकोछु ।

७८. अपेक्षित राजस्व तथा अनुदान प्राप्त हुन नसकेमा तथा कोरोनाको न्यूनीकरणमा बजेट अपुग हुन गएमा यो व्यवस्था आकर्षित हुने गरी यस सभामा स्वीकृतिको लागि प्रस्ताव पेश गरेकोछु ।

७९. सशर्त तर्फका सबै योजना तथा कार्यक्रमहरूलाई हुबहू प्रस्ताव गरेकोछु र यसैसाथ संलग्न विनियोजन विधेयक, २०७७ को अनुसूचीमा सूचिकृत गरी राखेकोछु ।

<u>अध्यक्ष महोदय</u>

८०. अब म आगामी आर्थिक वर्षको लागि अनुमानित आय र व्ययको अनुमान यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहन्छु । हालसम्म प्राप्त हुन आएका कार्यक्रमहरूको आधारमा आगामी आर्थिक वर्षको लागि अनुमानित बजेटको आकार रू. ३० करोड ७० लाख १३ हजार ५३ को हुनेछ । यसै बमोजिमको बजेटको संरचनामा सामाजिक सुरक्षा वापतको रकम संलग्न गरिएको छैन । सामाजिक सुरक्षा वापत वितरण गरिने रकम कोष तथा लेखा नियन्त्रण कार्यालयबाट सम्बन्धित व्यक्तिहरूको खातामा स्थानान्तरण हुने हुनाले यस गाउँपालिकाको बजेटमा संलग्न नगरिएको हो । कूल प्रस्तावित बजेट मध्ये चालू तर्फ जम्मा ५ करोड ३२ लाख ९४ हजार खर्च हुने पूर्वानुमान रहेकोछ । बाँकी हुन आउने रू. २५ करोड ३७ लाख १९ हजार ५३ मध्ये सशर्त अनुदान तर्फका कार्यक्रमहरूको लागि कूल १० करोड ६९ लाख खर्च हुनेछ भने बाँकी बजेट रू. १४ करोड ६८ लाख १९ हजार ५३ विभिन्न विषयक्षेत्रगत आयोजनाहरू र तीनको व्यवस्थापन र समपूरक कोष निर्माण एवम् विभिन्न कोषहरूको व्यवस्थापनमा खर्च हुनेगरी बजेटको आँकलन गरेकोछु । आगामी आर्थिक वर्षका सबै योजना तथा कार्यक्रमहरू यसैसाथ संलग्न विनियोजन विधेयकको अनुसूचीमा सुचिकृत गरेकोछु । विस्तृत विवरण सोही विधेयकबाट जानकारी लिनुहोला ।

८१. कूल बजेट मध्ये आगामी आर्थिक वर्षमा सङ्घीय सरकारबाट वित्तीय समानीकरणबाट रू. ६ करोड ७१ लाख, वित्तीय समानीकरण गण्डकी प्रदेश सरकारबाट १ करोड २१ लाख २५ हजार, सङ्घीय सरकारको राजस्व बाँडफाँडबाट रू ३ करोड ५९ लाख ३ हजार ५३, गण्डकी प्रदेश सरकारको सवारी साधन कर बाँडफाँडबाट रू १० लाख ५ हजार, सङ्घीय सरकारको सशर्त अनुदान तर्फ रू. १० करोड ६९ लाख, सङ्घीय विशेष अनुदान रू ४ करोड ५० लाख, गण्डकी प्रदेश सरकारको विशेष र समपूरक अनुदान कूल रू १ करोड ५० लाख र गाउँपालिकाको आन्तरिक श्रोत तर्फको रकम रू ८४ लाख ३० हजार रहनेछ । उल्लिखित खर्च संरचनामा आम्दानी र खर्चको प्रक्षेपणमा जम्मा रकम रू १ करोड ५५ लाख ५० हजार

न्यून हुन आउनेछ । उक्त न्यूनपूर्ति चालू आर्थिक वर्षमा खर्च नभई बचत हुन आउने रकमबाट गर्नेगरी सम्पूर्ण बजेट संरचनालाई प्रस्तुत गरेकोछु ।

८२. अव म यस सभामा यस गाउँपालिका क्षेत्रभित्र आगामी आर्थिक वर्षमा लगाइने कर तथा गैरकर दस्तुर समेतको विषयमा जानकारी गराउने अनुमति चाहन्छु । स्थानीय सरकारको मुख्य आन्तरिक श्रोत भनेको कर तथा शुल्कहरूबाटै संकलन हुने रकम हो । चालू आर्थिक वर्षकै जस्तो करका दरहरू प्रस्ताव गरेकोछु । चालू आर्थिक वर्षभन्दा केही करका क्षेत्रहरूमा दायरा विस्तार गर्ने प्रवन्ध मिलाएकोछु । गाउँपालिकाको राजस्व परामर्श समितिको सिफारिसमा तय गरिएका राजस्व संकलनका दरहरूको प्रस्तावित विवरण यसैसाथ संलग्न आर्थिक विधेयक, २०७७ मा प्रस्तुत गरेकोछु ।

८३. विद्यमान कोरोना महामारीको कारणबाट चालू आर्थिक वर्षका पछिल्ला ४ महीना सबै उद्यमी व्यवसायीहरूका लागि प्रतिकूल हुन पुगे । यस गाउँपालिकाको आर्थिक ऐन, २०७६ ले प्रस्ताव गरेका कर तथा शुल्कहरू तोकिए बमोजिम उद्यमी, व्यवसायीहरूसँग उठाउँदा उनीहरूलाई मर्का पर्ने देखियो । यसै कारणबाट राजस्व परामर्श समितिको सिफारिसमा आर्थिक ऐन, २०७६ को अनुसूची १ को खण्ड १ देखि ५ सम्मका करका दरहरूमा सम्बन्धित व्यवसायीहरूलाई चालू आर्थिक वर्षका लागि २५ प्रतिशतले छुट दिने गरी निर्णय भएकोमा सो निर्णय समेत यस गाउँसभाको बैठकबाट अनुमोदनका लागि पेश गरेकोछु । यस कार्यले गाउँपालिका सबै जनताको दुःखसुखको साथी हो भन्ने भावनाको विकास गराईएकोछ ।

८४. आगामी आर्थिक वर्ष स्थानीय सञ्चित कोषबाट व्ययभार हुने रकम सहित विभिन्न कार्यक्रम तथा आयोजनाहरूको सूचि सहितको विनियोजन विधेयक, २०७७ समेत यसैसाथ पेश गरेकोछु ।

८५. आगामी आर्थिक वर्षका लागि विभिन्न योजना तथा कार्यक्रमहरू सहितको वार्षिक विकास योजना निर्माण गर्नको लागि संघ सरकार तथा प्रदेश सरकारबाट विशेष अनुदान तथा समपूरक अनुदान सहित अन्य साधनश्रोत जुटाउनमा अति महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने मुस्ताङ जिल्लाबाट गण्डकी प्रदेश सभा तथा प्रतिनिधी सभाकामा प्रतिनिधित्वि गर्नुहुने माननीय सांसद्ज्यूहरूलाई मुरी मुरी धन्यवाद प्रकट गर्न चाहन्छु ।

८६. जुनसुकै बजेटको प्रभावकारिता त्यसको कार्यान्यनमा निर्भर गर्दछ । उल्लिखित बजेटको सफल कार्यान्वयनका लागि यस गरिमामय गाउँसभाका सबै सदस्यज्यूहरू, कर्मचारी, आम जनता, वुद्धिजिवी तथा सबै सरोकारवाला घरपझोङवासीको साथ र सहयोगको अपेक्षा लिएको छु । सरोकारवाला सबैको साथ र सहयोगले नै घरपझोङ गाउँपालिकाको **"समावेशी, सामाजिक**

**रूपान्तरण, प्रकृति संरक्षण र संस्कृति",: "*कृषि, पर्यटन, पर्यावरण, पूर्वाधार, घरपझोङको समृद्धि*"** भन्ने गाउँपालिकाको नारा तथा गण्डकी प्रदेश सरकारले अवलम्बन गरेको **समृद्ध प्रदेश, सुखी नागरिक**को दीर्घकालिन सोंच र नेपाल सरकारले अवलम्बन गरेको **समृद्ध नेपाल, सुखी नेपाली** को नारा पूरा हुनेछ भन्नेमा विश्वास लिएकोछु ।

८७. अन्त्यमा, आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माणका लागि सुझाव तथा सहयोग पु-याउनु हुने गाउँपालिकाका श्रदेय अध्यक्ष ज्यू, सबै निर्वाचित जनप्रतिनिधीज्यूहरू, राजनीतिक दलहरूका जिम्मेवार पदाधिकारीहरू, विषयगत समिति लगायत अन्य समितिका सदस्यज्यूहरू, गाउँ कार्यपालिकाका सबै साथीहरूलाई आभार प्रकट गर्दै बजेट निर्माणको प्राविधिक पाटो व्यस्थापनमा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत संलग्न सबै कर्मचारी मित्रहरूमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

<u>**प्रस्तुतकर्ता**</u>

सर्मिला गुरुङ

**उपाध्यक्ष तथा संयोजक**

घरपझोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जूमा समिति

# घरपझोङ गाउँपालिकाको ऐन नं.

# आर्थिक विधेयक, २०७७

गाउँ सभाबाट स्वीकृत मितिः २०७७/०३/०९

घरपझोङ गाउँपालिका

मुस्ताङ जिल्ला

## गण्डकी प्रदेश

## घरपझोङ गाउँपालिकाको ऐन नं.

## घरपझोङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः**

घरपझोङ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

घरपझोङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७७” रहेकोछ ।

(२) यो ऐन सम्वत् २०७७ साल श्रावण १ गतेदेखि लागू हुनेछ ।

२. यस गाउँपालिकामा अनुसूची १ मा उल्लेख गरिए बमोजिमका करहरू लिइनेछ ।

३. यस गाउँपालिकामा अनुसूची २ मा उल्लेख गरिए बमोजिमका दस्तुरहरू लिइनेछ ।

४. यस गाउँपालिकाको आन्तरिक आयको अनुमान अनुसूची ३ बमोजिम गरिएको छ ।

५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि घरपझोङ गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

**-०-**

## अनुसूची १

(ऐनको दफा २ सँग सम्बन्धित)

करका दरहरू

| सि.नं. | राजश्वका क्षेत्रहरू | आ.व. ०७६।७७ को दर | आ.व. ०७७।७८ को प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| १ | होटल व्यवसाय कर | | ७५००० | २० वा सो भन्दा वढी कोठा भएको सुविधासम्पन्न रिसोर्ट | |
| | | | ३०००० | २० भन्दा कम कोठा भएको सुविधासम्पन्न रिसोर्ट | |
| | | २०००० | २०००० | २० कोठा वा सोभन्दा बढी | |
| | | १०००० | १०००० | १० देखि १९ कोठासम्म | |
| | | ५००० | ५००० | ९ कोठा वा सोभन्दा कम | |
| २ | होमस्टे | ५०० | ५०० | प्रतिघर | |
| ३ | होलसेल/ ठूलो किराना पसल कर | १५००० | १५००० | होलसेल रूपमा साना किराना पसलहरूको सामग्री वितरणलाई आधार लिइएको | |
| ४ | मध्ययम किसिमको पसलहरू | ५००० | ५००० | | |
| ५ | रेष्टुरेण्ट, खुद्रापसल, स्टेशनरी तथा विभाजनमा नपरेका अन्य सबै पसलहरू | २००० | २००० | | |
| ६ | घुम्ती पसलहरू/ व्यापार | रू २०० प्रति पटक वा वार्षिक रू ५००० | जिप वार्षिकः १०००० पटके ५०० | सवारी साधनहरूमा ल्याएर व्यापार व्यवसाय गरे वापतको कर | |
| | | | ट्रकः वार्षिक १५००० पटके | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | १००० | | |
| ७ | डिष्टिलरी उद्योग नयाँ दर्ता सिफारिस | ३०००० | ३०००० | | |
| ८ | डिष्टिलरी उद्योग नवीकरण सिफारिस | १०००० | १०००० | | |
| ९ | पानी उद्योग दर्ता | १०००० | १०००० | | |
| १० | पानी उद्योग नवीकरण सिफारिस | ५००० | ५००० | | |
| ११ | ब्लक उद्योग | ७००० | ७००० | | |
| १२ | ग्यारेज | | | | |
| १३ | क) मोटरसाइकल ग्यारेज | २००० | ३००० | | |
| १४ | ख) बस,जीप, ट्रक आदि | ५००० | ८००० | | |
| १५ | शोरुम/ सर्भिस सेन्टर | १०००० | १०००० | दुईपाङ्ग्रे | |
| १६ | | २०००० | २०००० | चारपाङ्ग्रे | |
| १७ | फर्निचर उद्योग/शोरूम | १०००० | १०००० | | |
| १८ | कुटानी पिसानी मिलहरू | २००० | २००० | | |
| १९ | थ्रेसर | १००० | १००० | | |
| **व्यवसायिक पशु तथा कृषि फार्महरू** | | | | | |
| २० | भेडा, च्याङ्ग्रा | २५०० | ३००० | प्रति गोठ | |
| २१ | याक, चौरी | ५००० | ७००० | प्रति गोठ | |
| २२ | स्याउ | ५००/ प्रति रोपनी | ५००/ प्रति रोपनी | फल फलेकोमा मात्र कर लाग्ने, एक रोपनीसम्मको खेतीमा कर नलाग्ने | |
| **मनोरञ्जन कर** | | | | | |
| २३ | स्वदेशी छायाङ्कन (डकुमेण्ट्री, म्यूजिक भिडियो) | ५००० | ५००० | पर्यटकीय क्षेत्र प्रयोग गरेवापत | |
| २४ | स्वदेशी चलचित्र | १५००० | १५००० | | |
| २५ | विदेशी छायाङ्कन (डकुमेण्ट्री, म्यूजिक भिडियो) | १५००० | १५००० | | |
| २६ | विदेशी चलचित्र | २५००० | ३०००० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **पार्कीङ शुल्क (रात्रीविश्राम)** | | | | | |
| २७ | ट्रक, बस, ट्याक्टर, लोडर, डोजर | १५० | | गाउँपालिकाको पार्किङ क्षेत्र प्रयोग गरेवापत | |
| २८ | जीप, कार, भ्यान | १०० | | | |
| २९ | मोटर साइकल | २० | | | |
| **पार्कीङ शुल्क (छोटो समयको लागि/ दिवा)** | | | | | |
| ३० | ट्रक, बस, ट्याक्टर, लोडर, डोजर | २० | २० | गाउँपालिकाको पार्किङ क्षेत्र प्रयोग गरेवापत | |
| ३१ | जीप, कार, भ्यान | १० | १० | | |
| ३२ | मोटर साइकल | ५ | ५ | | |
| ३३ | गाडी रोकी खाना बनाउने खाने हरुको लागि सरसफाई शुल्क | बसः २०० जीपः १०० | बसः २०० जीपः १०१ | | |
| **घर कर** | | | | | |
| ३४ | सामान्य खालको आवाशीय घर | १०० | १०० | सामान्य परिवारको २-५ कोठा भएको | |
| ३५ | मध्यम खालको आवाशीय घर | ३०० | ३०० | ५ कोठा भन्दा बढी कोठा भएको मध्यम घर | |
| ३६ | पक्की घर | ५०० | ५०० | पक्की खालको प्लाष्टर गरेको | |
| ३७ | मालपोत शुल्क | ५० | ५० | न्यूनतम रू.५० र १ रोपनी भन्दा माथि प्रति रोपनी रू. ५० का दरले थप हुँदै जाने | |
| ३८ | घर नक्सापास दस्तुर (आवाशीय) | ३ | ३ | प्रति स्क्वायर फिट | |
| ३९ | घर नक्सापास दस्तुर (व्यावसायिक प्रयोजन) | ५ | ५ | प्रति स्क्वायर फिट | |
| ४० | घर नक्सा अभिलेखीकरण | २ | २ | प्रति स्क्वायर फिट | |
| ४१ | हाट बजार | २० | २० | प्रति पसल। प्रतिदिन | |
| ४२ | पर्यटकीय सेवा शुल्क तथा साहसिक खेल | १००० | १००० | प्रति कार्यक्रम | |
| ४३ | घरवहाल कर | १०.००% | १०.००% | भाडा रकमको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ | यार्सागुम्बा निकासी | १०००० | १०००० | प्रति के.जी. | |
| ४५ | निकासीजन्य अन्य जडिबुटी (अगरकाँडा लगायत) | २ | २ | प्रति के.जी. | |
| ४६ | चरिचरण कर (अन्य कर) | ५ | ५ | प्रति गोटा भेडावाखा | |
| ४७ | | ५० | ५० | प्रति गोटा याक | |

**निजी विद्यालय सञ्चालन दस्तुर**

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ | बाल विकास/ पूर्व प्राथमिक | ५०० | ५०० | | |
| ४९ | आधारभूत तह | ५००० | ५००० | | |
| ५० | माध्यमिक तह | १०००० | १०००० | | |
| ५१ | उच्च तह | १५००० | १५००० | | |
| <u>अन्य दस्तुर</u> | | | | | |
| ५२ | आय प्रमाणित | ०.१०% | ०.१०% | | |
| 53 | सम्पत्ति मूल्याङ्कन | ०.०५% | ०.०५% | | |
| 54 | निर्माण कम्पनी इजाजतपत्र दर्ता शुल्क | | पचास हजार | | |
| 55 | निर्माण कम्पनी इजाजतपत्र नामसारी शुल्क | | दश हजार | | |
| 56 | निर्माण कम्पनी नवीकरण दस्तुर | २००० | २००० | | |
| 57 | सहकारी दर्ता/ नवीकरण | ५००० | ५००० | दर्ता शुल्क | |
| | | १००० | १००० | नवीकरण शुल्क | |
| 58 | अन्य संघसंस्था नवीकरण/ सिफारिस दस्तुर | ५०० | ५०० | | |
| 59 | होम स्टे दर्ता | १००० | १००० | निजी | |
| 60 | | ५००० | १०००० | सामुदायिक | |
| 61 | होम स्टे नवीकरण | | प्रदेश सरकारबाट जारी भएको कार्यविधि बमोजिम गर्ने | | |
| 62 | मालपोत कार्यालयलाई घरको मूल्यांकन सिफारिस | RCC: ५०० ढुङ्गा माटोको जोडाइः ३०० | RCC: ५०० ढुङ्गा माटोको जोडाइः ३०० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामान्य घरः १०० | सामान्य घरः १०० | | |
| 63 | व्यवसाय दर्ता | पुरानोः निःशुल्क नयाँ दर्ताः २०० | पुरानोः निःशुल्क नयाँ दर्ताः २०० | वार्षिक | |
| 64 | सार्वजनिक जग्गामा मोबाइल टावर राखेवापतको शुल्क | ५००० | ५००० (सरकारी) | प्रति टावर। प्रति महीना | |
| 65 | | | ६००० (निजी) | | |
| 66 | रेडियो/ एफ् एम् स्टेशन सञ्चालन कर | ५०० | ५०० | सामुदायिक | |
| 67 | | १००० | १००० | निजी | |
| 68 | ट्राभल कम्पनी | ५००० | ५००० | | |
| 69 | यातायात कम्पनी | ५००० | ५००० | गा.पा. भित्र काउण्टर राखी व्यवसाय सञ्चालन गरे वापतको कर | |
| 70 | एयरलाईन्स कम्पनी विक्री काउण्टर | १०००० | १०००० | | |
| 71 | विज्ञापन कर | ३० | ३० | प्रति वर्ग फिट | |

**वित्तीय संस्थाको लागि वार्षिक कर**

| | | | | | |
|---|---|---|---|---|---|
| ७२ | कमर्सियल बैंक | १०००० | १०००० | वित्तीय संस्थाहरूको वार्षिक कर सम्बन्धमा नेपाल सरकारको नियमानुसार स्थानीय तहहरुलाई प्रदान गरिनुपर्ने लाभांसको प्रतिशत वा यसैसाथ उल्लिखित दरमा जुन बढी हुन्छ सोही बमोजिम कर लिने । | |
| ७३ | विकास बैंक | ७००० | ७००० | | |
| ७४ | फाइनान्स कम्पनी | ५००० | ५००० | | |
| ७५ | माइक्रो फाइनान्स | २००० | २००० | | |
| ७६ | वीमा कम्पनी | ५००० | ५००० | | |
| ७७ | सबै प्रकारको विलम्ब दस्तुर | | म्याद नाघेको रकमको ५% | म्याद नाघेको ६ महीनासम्म | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | म्याद नाघेको रकमको १०% | ६ महीना नाघेकोमा | |

## अनुसूची २
(ऐनको दफा ३ सँग सम्बन्धित)
## सिफारिस दस्तुर

| सि.नं. | सिफारिसको विवरण | चालू आर्थिक वर्षको दर | आगामी आर्थिक वर्षको दर (रफ) | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको नागरिकता सिफारिसः निवेदन दस्तुर समेत | १०० | १०० | |
| २ | अंगिकृत नागरिकता सिफारिस | २०० | ५०० | |
| ३ | नागरिकताको प्रतिलिपी सिफारिस | २०० | ३०० | |
| ४ | नागरिकताको संशोधन सिफारिस | २०० | ५०० | |
| ५ | नाता प्रमाणित नेपाली | ३०० | ३०० | |
| ६ | नाता प्रमाणित अंग्रेजी | ५०० | ५०० | |
| ७ | विद्यूत जडान सिफारिस | ३०० | ३०० | |
| ८ | विद्यूत जडान थ्रिफेज | ५०० | २००० | |
| ९ | नाम संशोधन, नाम छुट तथा दुई नाम एकै सिफारिस | २०० | ३०० | |
| १० | जन्ममिति प्रमाणित नेपाली | २०० | २०० | |
| ११ | स्थाई वा अस्थाई वसोवास सम्बन्धी सिफारिस | २०० | २०० | |
| १२ | नामथर जन्ममिति संशोधन सिफारिस | २०० | २०० | |
| १३ | घरजग्गा नामसारी सिफारिस | २०० | ५०० | |
| १४ | फुकुवा सिफारिस | ३०० | ५०० | |
| १५ | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | १०० | २०० | |
| १६ | हकवाला /संरक्षक सिफारिस | १०० | २०० | |
| १७ | विवाहित/ अविवाहित प्रमाणिकरण सिफारिस | २०० | ३०० | |
| १८ | नक्कल प्रमाणित दस्तुरः मालपोत रसीद समेत | १०० | ३०० | |
| १९ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | १०० | २०० | |
| २० | घरनक्सा नामसारी | ५०० | ५०० | |
| २१ | घर निर्माण सम्पन्न सिफारिसः आरसिसी | १००० | १५०० | |
| २२ | घर निर्माण सम्पन्न सिफारिसः कच्ची | ५०० | ५०० | |
| २३ | निजी क्षेत्रमा रुख कटान सिफारिस | ५०० | १००० | |
| २४ | मिलापत्र दस्तुर (प्रत्येक पक्षबाट) | २०० | ५०० | |
| २५ | नावालक परिचयपत्र सिफारिस | १०० | २०० | |

| | | | | |
|---|---|---|---|---|
| २६ | व्यक्तिगत घटना दर्ता ३५ दिनसम्म | निःशुल्क | | |
| २७ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | १ वर्षसम्म १०० र सो भन्दा माथि २०० | २ वर्षसम्म १०० र सो भन्दा माथि २०० | |
| २८ | दलित,जनजाति,आदिवासी सिफारिस | १०० | १०० | |
| २९ | कर क्लियर सिफारिसः नेपाली | १०० | ३०० | |
| ३० | पारिवारिक विवरण सिफारिस | १०० | ३०० | |
| ३१ | पशु सम्बन्धी/ सुकुटी सिफारिस समेत (प्रति के.जी.) | | २० | |
| ३२ | खानेपानी जडान सम्बन्धी सिफारिस | १०० | १०० | |
| ३३ | **उद्योग दर्ताको लागि सिफारिस** | | | |
| | क. साना | ५०० | ५०० | |
| | ख. मझौला | १००० | २००० | |
| | ग. ठूला | १५०० | ५००० | |
| ३४ | **निजी विद्यालय सञ्चालन तथा कक्षा थप अनुमतिको सिफारिस** | | | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | १००० | १००० | |
| | ख. आधारभूत विद्यालय | १२०० | १२०० | |
| | ग. मा.वि. | १५०० | १५०० | |
| | घ. स्नातक/ स्नातकोत्तर | २००० | २००० | |
| ३५ | **सामुदायिक विद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी दस्तुर** | | | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | ५०० | ५०० | |
| | ख. आधारभूत विद्यालय | ७०० | ७०० | |
| | ग. मा.वि. | १००० | १००० | |
| | घ. स्नातक/ स्नातकोत्तर | १२०० | १२०० | |
| ३६ | अंग्रेजी भाषामा गरिने प्रति सिफारिस दस्तुर | ५०० | ५०० | |
| ३७ | चारकिल्ला प्रमाणित | ३०० | ३०० | |
| ३८ | घरबाटो सिफारिस | ३०० | ३०० | |
| ३९ | संस्था दर्ता सिफारिस/ नवीकरण | ५०० | ५०० | |
| ४० | नक्शा प्रमाणित | ५०० | ५०० | |
| ४१ | व्यवसाय दर्ता सिफारिस | ५०० | ५०० | |
| ४२ | शिक्षक सरूवा अनुमति सिफारिस (गा.पा. बाहिर जाँदा र वाहिरबाट आउँदा) | ५०० | १००० | |

| | | | | |
|---|---|---|---|---|
| ४३ | मुचुल्का प्रमाणित | २०० | २०० | |
| ४४ | उपभोक्ता समितिहरूलाई विभिन्न प्रयोजनको लागि दिइने सिफारिस | | ३०० | |
| ४५ | पशुपन्छी उपचार सेवा शुल्क | | | |
| | क. बाखा, बंगुर, कुखुरा | | १० | |
| | ख. गाई, भैसी, झोपा, याक | | ५० | |
| | ग. घोडा, खच्चर | | ५० | |
| | घ. कुकुर, बिरालो | | ५० | |
| ४६ | माथि उल्लेख भएका बाहेक सबै प्रकारका सिफारिस | ३०० | ३०० | |

## अनुसूची ३

(ऐनको दफा ३ सँग सम्बन्धित)

## आन्तरिक आयको अनुमान

| राजश्व संकेत नं. | राजश्व शीर्षक | आ.व. ०७५।०७६ को यथार्थ | चालु आ.व.०७६।०७७ को संशोधित अनुमान | आगामी आ.व. ०७७।०७८ को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| ११३१३ | एकीकृत सम्पत्ति कर | ० | ०.०० | ०.०० | |
| ११३१४ | भूमिकर/मालपोत | 208922.00 | २०००००.०० | २२००००.०० | |
| ११३२१ | घर वहाल कर | १०८५६२९.७९ | १०८०२७३.०० | १५०००००.०० | |
| ११३२२ | वहाल बिरौरी कर | ० | ०.०० | २५०००.०० | |
| ११४५२ | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ०.०० | ०.०० | |
| ११४७९ | अन्य मनोरञ्जन कर | ० | ०.०० | २५०००.०० | |
| ११६११ | व्यवसायले भुक्तानी गर्ने | ० | ०.०० | ०.०० | |
| ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने कर | ० | ०.०० | ०.०० | |
| ११६३१ | कृषि तथा पशुजन्य व्यवसायको कारोवारमा लाग्ने | ४१०१५०.०० | ४२५४५०.०० | ५०००००.०० | |
| ११६३२ | अखेटोपहारामा लाग्ने कर | ० | ०.०० | ०.०० | |
| ११६९१ | अन्य कर | ४९८५.०० | ३४४५४३.०० | ५०००.०० | |
| १४१११ | वित्तीय निकायबाट प्राप्त व्याज | ० | ०.०० | ०.०० | |
| १४११२ | व्यापारीक निकायबाट प्राप्त व्याज | ० | ०.०० | ०.०० | |
| १४११३ | औधोगिक निकायबाट प्राप्त व्याज | ० | ०.०० | ०.०० | |
| १४११४ | सेवामूलक निकायबाट प्राप्त व्याज | ० | ०.०० | ०.०० | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | ० | ०.०० | ०.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
